"सहकारी संघ/संस्थाहरूको प्रवर्द्धन, विकास एवम् बैंकिङ्ग कारोवारको लागि सहकारी क्षेत्रको एक मात्र बैंक"

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

# सहकारिता SAHAKARITA

द्वैमासिक

वर्ष ९ अंक ३३, श्रावण-भदौ,२०७९ www.ncbl.coop 17 July 2022- 16 August 2022

## सहकारीहरूका लागि आफ्नै पहिचान सहितको 'कोप कार्ड' (एटिएम) को शुरूवात




ललितपुर । अबदेखि सहकारी संस्थाहरुले पनि आफ्ना बचतकर्ता तथा सदस्यहरुलाई एटीएम कार्ड दिने भएका छन् । राष्ट्रिय सहकारी बैंकको २० औं स्थापना दिवसको अवसरमा आयोजित कार्यक्रममार्फत सहकारीहरुको कार्ड सेवा थालनी भएको छ ।

राष्ट्रिय सहकारी बैंक, स्मार्टच्वाइस टेक्नोलोजिज (एससीटी), र ग्लोबल आईएमई बैंकको सहकार्यमा कार्ड सेवाको सुरुवात भएको हो । ग्लोबल आईएमई बैंकमार्फत 'युनियन पे'को कार्ड जारी भई राष्ट्रिय सहकारी बैंकमार्फत सहकारीहरुले प्रदान गर्नेछन् । यसमा पीएसओको रुपमा एससीटीले जिम्मेवारी लिएको छ । यसरी प्रदान हुने कार्ड अन्तर्राष्ट्रिय स्तरको चिपयुक्त हुने र कन्ट्याक्टलेस प्रविधिमा आधारित रहेको एससीटीले जनाएको छ । यो कार्ड नेपाल तथा भारतका एटीएम तथा पोस मेसिनमा प्रयोग गर्न सकिनेछ । राष्ट्रिय सहकारी बैंकका प्रमुख कार्यकारी अधिकृत बद्री कुमार गुरागाईंले यो सेवाले सहकारीहरुलाई विद्युतीय कारोबारका लागि थप सुविधा मिलेको र यसले सहकारीको सेवालाई डिजिटल बनाउने बताउनु भयो ।....... *(बाँकी पृष्ठ ३७ मा)*

### सहकारी बैंकले मनायो २० औं स्थापना तथा कारोबार शुभारम्भ दिवस

## सहकारीको योगदान थप वृद्धि गर्न सरकार र अभियानबीचको सहकार्य आवश्यक छ : सचिव थपलिया




ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडले आफ्नो २० औं स्थापना दिवस तथा कारोबार शुभारम्भ दिवस साउन १९ गते विविध कार्यक्रमका साथ मनाएको छ ।

स्थापना दिवसका अवसरमा आयोजित मुख्य कार्यक्रमको उद्घाटन भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयका सचिव राम प्रसाद थपलियाले गर्नु भएको थियो । सो अवसरमा बोल्दै सचिव थपलियाले सहकारी क्षेत्रमार्फत समाज रुपान्तरण गर्न सकिने योगदानलाई थप वृद्धि गर्नका लागि सरकार र अभियानबीचको निरन्तर सहकार्य र समन्वय आवश्यक रहेको बताउनुभयो ।........ *(बाँकी पृष्ठ ३७ मा)*

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

**सहकारिता**

**सल्लाहकार**
के.बी. उप्रेती
लक्ष्मी प्रसाद उप्रेती
बद्री कुमार गुरागाईं

**सूचना, सञ्चार तथा प्रकाशन उप-समिति:**

**संयोजक**
माधवलाल देवकोटा

**सदस्यहरु**
राम बहादुर जि.सी., शिवा थापा, गम्भीर लाल श्रेष्ठ, डिल्ली प्रसाद पोखरेल, आर. एस. तिमल्सिना

**सदस्य सचिव**
नविन कुमार कार्की

**प्रधान सम्पादक**
राम बहादुर जि.सी.

**सहयोगी**
बलराम के.सी

**ठेगाना**
राष्ट्रिय सहकारी बैंक लिमिटेड
कर्पोरेट कार्यालय, कुपण्डोल, ललितपुर
फोन नं : ०१-५१८०१८२
फ्याक्स: +९७७-०१-५५५५६८७
E-mail: publication@ncbl.coop
ncbl@ncbl.coop
Website: www.ncbl.coop

# सम्पादकीय

## सहकारी क्षेत्रमा आधुनिक प्रविधिको प्रयोग

सहकारीले प्रविधिको भरपुर प्रयोग गरी लेखा पद्धति, अभिलेखीकरण तथा दैनिक कारोबारलाई व्यवस्थित ढंगले लेखांकन गर्न, संस्थालाई पूर्ण कम्प्युटराइज्ड गर्न थालिएको छ। पछिल्लो समय यस्ता संस्थाहरूमा वेबसाइट निर्माण गर्ने, स्मार्ट एप्स लगायत प्रविधिमा आधारित अत्याधुनिक सेवा प्रदान गर्ने क्रम चलेको छ। यति मात्रै नभई वित्तीय कारोबारलाई विश्वसनीय तथा व्यवस्थित गर्न विभिन्न किसिमका सहकारी सफ्टवेयरसमेत जडान गर्न थालिएको छ।

सहकारीलाई नेपाल सरकारले देशको तीन खम्बे अर्थनीतिको एउटा खम्बाको रूपमा अवलम्बन गरिसकेको अवस्थामा यसका कार्य प्रणाली र पद्धतिलाई छिटो, छरितो र विस्वसनीय बनाउन विभिन्न किसिमका प्रविधिको प्रयोग आजको डिजिटल सोसाइटीमा अति आवश्यक भएको छ।

अहिलेको अवस्थामा सहकारी संस्थाले नीति, विधि र प्रविधिको उच्चतम प्रयोग गरी स्मार्ट सेवा समुदायमा बढाउदै लगेको देखिन्छ। यसरी प्रविधिको प्रयोगसँगै सहकारी क्षेत्रले आफ्ना सदस्यहरूलाई उपलब्ध गराउने सेवाको गुणस्तरमा अभिवृद्धि भई संस्थाको दिगोपनालाई अझ सुदृढ बनाउन सक्नेछ, साथै वित्तीय पारदर्शिता तथा सुशासन कायम भई जनस्तरमै सहकारी संस्थाहरूप्रतिको विश्वास वृद्धि हुनेछ। सँगसँगै दिगो विकास लक्ष्य प्राप्तिको उद्देश्य पूरा हुने देखिन्छ। प्रविधिको प्रयोगले सहकारीको विश्वसनीयता बढाउनुका साथै कारोबारलाई पनि व्यवस्थित बनाउन सहयोग पुर्‍याएको छ।

अब पेपरलेस सहकारी कार्यालयको अवधारणाको विकास हुँदै छन। यस्ता सफ्टवेयरमार्फत् देशैभर छरिएर रहेका सहकारी संस्थाहरूमार्फत् सहकारीकर्मी वा सदस्यहरूलाई बैंकिङ सेवा पुर्‍याउने र सहकारी संस्थाहरूको क्षमता वृद्धि गर्ने कार्यमा महत्वपूर्ण सहयोग पुगेको छ। अहिलेको आधुनिक परिवेशमा संसार डिजिटल प्रविधिमा हिडिरहेको छ। तसर्थ हाम्रा परम्परागत सहकारीको व्यवस्थापन गर्न स्थायी, आवधिक सरकार, स्थायी राज्य संयन्त्र हुनुपर्छ। उदार अर्थनीति, आत्मैदेखि सहकार्य गर्ने इमानदार दक्ष सहकारीकर्मी अनि डिजिटल प्रविधिमा नागरिकको पहुँच पुर्‍याउन सकेमा सहकारी माध्ययमबाटै देशको समृद्धिले फड्को मार्न सक्छ। त्यसैले सहकारी क्षेत्रमा आधुनिक प्रविधिको प्रयोगलाई बढ्वा दिनु अहिलेको पहिलो आवश्यक्ता हो ।

# राष्ट्रिय सहकारी बैंकले शुरू गऱ्यो विद्युतीय पुस्तकालय




ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडले सहकारी क्षेत्रका विभिन्न नीतिगत व्यवस्था, शिक्षा लगायतका विषय जानकारी हुने पुस्तक तथा अभिलेखहरु समेटेर इलाइब्रेरी स्थापना गरेको छ । बैंकले स्थापना गरेको इलाइब्रेरीको भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयका सचिव राम प्रसाद थपलियाले साउन १९ गते उद्‌घाटन गर्नु भयो । बैंकको २० औं स्थापना तथा कारोबार शुभारम्भ दिवसका अवसरमा बैंकको इलाइब्रेरीमा बैंकको समग्र अवस्था, स्थानीय तह, प्रदेश र संघीय ऐन तथा नियमावलीहरु, शिक्षामलुक सामग्री, टेक्निकल टुल्स, नमुना नीति कार्यविधिहरु, तालिमका भिडियोहरु, सहकारी सम्बन्धी लेख रचनाहरु लगायतका सामग्री हेर्न सकिने बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईले जानकारी दिनुभयो । बैंकले सञ्चालन गरेको इलाइब्रेरी elibrary.ncbl.coop मा गएर हेर्न सकिने गुरागाईले जानकारी दिनुभयो

# राष्ट्रिय सहकारी बैंकले बनायो ३ अर्बको तरलता व्यवस्थापन कोष




ललितपुर । सहकारी क्षेत्रमा देखिएको तरलता व्यवस्थापनमा सहयोग गर्ने उद्देश्यका साथ राष्ट्रिय सहकारी बैंक लिमिटेडले ३ अर्बको तरलता व्यवस्थापन कोष स्थापना गरेको छ ।

बैंकको सञ्चालक समितिको साउन १९ गते विहान सम्पन्न सञ्चालक समितिको वैठकले सहकारी क्षेत्रमा देखिएको तरलता व्यवस्थापनमा बैंकका तर्फबाट सहयोग तथा समन्वय गर्नका लागि कोष स्थापना गर्ने निर्णय गरेको बैंकका अध्यक्ष के.बी.उप्रेतीले जानकारी दिनुभयो । बैंकमा आवद्ध भएर कारोबार गरिरहेका र तरलता व्यवस्थापनका कारण समस्यामा परेका सहकारीहरुलाई तत्काल समन्वय गरी संकटबाट जोगाउनका लागि बैंकका सञ्चालक रामहरि बजगाईको संयोजकत्वमा बैंकका ७ वटै प्रदेशका संयोजकहरु र बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाइ सदस्य रहेको समस्याग्रस्त सहकारी व्यवस्थापन कार्यदल समेत गठन गरेको छ । सहकारीमा देखिएका समस्याहरु समाधानका लागि जुन प्रदेशमा समस्या आउछ, त्यो प्रदेशको संयोजक सदस्य रहने गरी गठित कार्यदलले सहकारीमा देखिने समस्याको समाधानका लागि तत्काल समन्वय गरिने अध्यक्ष उप्रेतीले जानकारी दिनुभयो ।

सहकारी क्षेत्रमा देखिएका समस्याको पहिचान गरी सहकारी संघ संस्थाहरुले काम गर्दै गर्दा आइपर्ने समस्या समाधानका लागि बैंकका तर्फबाट समन्वय गर्ने र आवश्यकताका आधारमा तत्काल सहयोग समेत गर्ने गरी कोष स्थापना गरिएको बैंकका प्रमुख कार्यकारी अधिृकत बद्रीकुमार गुरागाईले जानकारी दिनुभयो ।

# वित्तीय सहकारी नियमन एवम् सुपरिवेक्षणका सूत्रहरू

"व्यक्तिका वित्तीय कृयाकलापहरूलाई प्रोत्साहन र बढावा दिनेगरी स्थापित यस्ता वित्तीय सहकारीले हालको समग्र सहकारी क्षेत्रको मुख्य अंश ओगटेको छ । यद्यपी, आर्थिक उदारीकरणसंगै बढेको वित्तीय सहकारी व्यवसायमा सदस्यहरूको संख्या र वित्तीय कारोवारको मात्रात्मक वृद्धिसंगै यसको गुणात्मक वृद्धि भने सन्तोषजनक ढंगले हुन सकेन"



डा. रमेश चौलागाई
उप-निर्देशक, नेपाल राष्ट्र बैंक

नेपालमा २०१३ सालबाट शुरू भएको सहकारीता सम्बन्धि आर्थिक सामाजिक कृयाकलापमा २०४७ को राजनैतिक परिवर्तन पश्चात मुलुकले लिएको आर्थिक उदारीकरणका कारण बचत तथा ऋणको कारोवार गर्ने सहकारीहरूको स्थापनामा बढोत्तरी आयो । व्यक्तिका वित्तीय कृयाकलापहरूलाई प्रोत्साहन र बढावा दिनेगरी स्थापित यस्ता वित्तीय सहकारीले हालको समग्र सहकारी क्षेत्रको मुख्य अंश ओगटेको छ । यद्यपी, आर्थिक उदारीकरणसंगै बढेको वित्तीय सहकारी व्यवसायमा सदस्यहरूको संख्या र वित्तीय कारोवारको मात्रात्मक वृद्धिसंगै यसको गुणात्मक वृद्धि भने सन्तोषजनक ढंगले हुन सकेन । यसको खराव परिणाम विगत २ दशकयता सहकारी वजारमा देखिन थालेको छ । द्रुत गतिमा गुणस्तरीय सहकारी क्षेत्रको निर्माण गर्न नसकिएमा हाल छिटपुट रूपमा देखिएका यस्ता अवाञ्छित घटना भविष्यमा बढ्नसक्ने प्रशस्त सम्भावना छ । नेपालमा जनताबाट बचत संकलन गरी सहकारी मूल्य मान्यता बाहिर रही सहकारी सुशासनको पालना नगर्ने लगायत सहकारीलाई कहिले स्वनियमन, कहिले सदस्यमुखि त कहिले समुदायमुखी संस्था भएका कारणले सहकारीलाई स्वनियमनका नाममा केही पक्षले सहकारी क्षेत्रको गुणस्तरीय बिकासमा बाधा पुऱ्याईरहेका छन् । सहकारीलाई स्वनियमनकारी संस्थाका रूपमा व्याख्या गरिए तापनि यस क्षेत्रले धेरै हदसम्म स्वनियमनको गरिमा कायम गर्न नसकेको समीक्षासंगै यस क्षेत्रको गुणस्तर वृद्धि र दीगोपनका लागि नियमन र सुपरिबेक्षणको कार्यलाई कसरी व्यवस्थित गर्न सकिएला भनी धेरैपटक अनेक प्रकारका वहसहरू भएका छन् । केही हदसम्म, नीतिगत एवम् कानूनी प्रयासहरू पनि भएका छन् । यस सन्दर्भमा, यस लेखमा सहकारी क्षेत्रको नियमन तथा सुपरिबेक्षण सम्बन्धि बिषयसंग सम्बन्धित बिभिन्न आयामहरूको चर्चा गरिनेछ ।

## १) बिषय प्रवेश

नेपालमा वित्तीय सहकारीलाई हालसम्म पनि कानूनसम्मत ढंगले परिभाषित गरिएको पाईंदैन । यद्यपी, व्यवहारिक रूपमा वित्तीय सहकारी भन्नाले सदस्यहरूबीचमा बचत तथा ऋण कारोबार गर्ने गरी स्थापित भई सञ्चालनमा रहेका सहकारी भन्ने बुझ्नु सान्दर्भिक हुने देखिन्छ । वित्तीय सहकारी अन्तर्गत बहुउद्देश्यीय तथा अन्य बिषयगत सहकारीका रूपमा दर्ता भएका तर मुलतः बचत तथा ऋणको कारोवार मात्र गर्दै आएका सहकारीलाई समेत जनाउँदछ । वित्तीय सहकारीले यसको सञ्चालन व्यवस्था, आर्थिक पारदर्सिताको अवस्था, प्रभावकारी नियमन एवम् सुपरिवेक्षणको निरन्तरता सम्बन्धि बिषयलाई अन्य सहकारीभन्दा बढी प्राथकिमतामा राख्नुपर्दछ । नेपालका वित्तीय सहकारीमा गर्ने नियमन एवम् सुपरिबेक्षण भनेको के हो, किन गरिन्छ, कसले गर्छ, कहिले गर्नुपर्दछ र कसरी गर्नुपर्दछ भन्ने बिषय लामो समयदेखि नै सबैको जनचासोको

बिषय बन्दै आएको छ । साथै, सहकारी क्षेत्रको नियमन एवम् सुपरिबेक्षणलाई एउटै बिषयका रूपमा बुझ्नेहरूको संख्या पनि बाक्लै रहेको छ । यद्यपी, उस्तै देखिए तापनि यी दुई बिषय एउटै होईनन् । सामान्य अर्थमा, नियमन भन्नाले नियामकीय निकाय वा अधिकारप्राप्त पक्षले कुनै औपचारिक संस्थाहरूलाई कानून वमोजिम निर्दिष्ट काम कार्यवाहीहरू गर्नु वा नगर्नु वा यसप्रकारले गर्नु भनी लिखित रूपमा जारी गरिने नीति, ऐन, नियम, विनियम, सूचना, निर्देशन, परिपत्र, निर्देशिका, कार्यविधि वा मापदण्ड आदि भन्ने बुझिन्छ । यसप्रकारले जारी गरिएका कानूनी व्यवस्थाको पालना सम्बन्धित संस्थाहरूले तोके वमोजिम गरे नगरेको जाँचपट्ताल, स्थलगत र गैरस्थलगत निरीक्षण, अध्ययन, मूल्याङ्कन, परीक्षण तथा अनुगमन सम्बन्धि कार्यलाई समग्रमा सुपरिबेक्षण भनी बुझिन्छ । तसर्थ, नियमन तथा सुपरिबेक्षण कार्य एउटा सिक्काका दुई पाटा हुन् । नियमनबिना सुपरिबेक्षण कार्य सम्भव हुँदैन भने सुपरिबेक्षणबिना नियमनको खासै अर्थ रहँदैन । नेपालको सहकारी क्षेत्रमा नियमन तथा सुपरिबेक्षण सम्बन्धि कार्य लामो समयदेखि वहसको बिषय बन्दै आएको छ ।

## २) नेपालमा सहकारीको पृष्ठभूमि

२०१३ सालबाट शुरू भएको नेपालको सहकारी अभियानमा २०५० को दशकपश्चात आएको संख्यात्मक व्यापकता र जनचासोका कारण नेपालको अन्तरिम संबिधान २०६३ ले सहकारी क्षेत्रलाई अर्थतन्त्रका तीनमध्ये एक आधार स्तम्भका रूपमा स्थापित गऱ्यो । यसैको निरन्तरता स्वरूप, नेपालको संविधानको धारा ५१ (घ१) मा 'राज्यको अर्थनीति सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने' भन्ने उल्लेख गरिएको छ । उपलब्ध तथ्याङ्कगत रूपमा हेर्दा, २०७८ चैतसम्म नेपालभर झण्डै १३ हजार बचत तथा ऋण सहकारी समेत जम्मा ३०,८७९ सहकारीहरू सञ्चालनमा आएको देखिन्छ भने यस क्षेत्रले समग्रमा करीव ७४ लाख सदस्यहरूको शेयरपूँजी र बचत गरी करीव रू.५७२ अर्वको स्वदेशी पूँजी परिचालनका गर्नुका साथै करीव रू.४२६ अर्व ऋण प्रवाह गरेको देखिन्छ । सहकारीका उल्लिखित सदस्य संख्या नेपालको कूल जनसंख्याको करीव २४ प्रतिशत र उल्लिखित बचत परिचालनको अनुपात देशका सम्पूर्ण बैंक, वित्तीय संस्था र सहरकारी क्षेत्रको कूल बचत परिचालनको करीव ११ प्रतिशत हुन आउँछ । यसले, देशको वित्तीय श्रोत र साधनको परिचालनमा सहकारी क्षेत्रको महत्वपूर्ण भूमिका रहेको देखाउँछ । यद्यपी, देशको आर्थिक रूपान्तरणमा उल्लेखनीय भूमिका खेल्नसक्ने नेपालको सहकारी क्षेत्रको गुणात्मक बिकासको पक्ष भने कमजोर रहेको छ ।

सहकारी सम्बन्धमा संबिधानको परिकल्पनालाई कार्यान्वयन गर्न संघीय संरचनालाई समेत आधार मानी सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५, सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धीनिर्देशिका, २०७४ र सम्पत्ती शुद्धीकरण निवारण सम्बन्धी कार्यविधि, २०७५, सहकारीको सुपरिवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७७ तथा सहकारी संघसंथालाई जारी गरिएको एकीकृत निर्देशन, २०७८ ल्याईएको छ । सहकारीको सुपरिवेक्षण, निरीक्षण तथा अनुगमन कार्यलाई प्रभावकारी बनाउन नेपाल राष्ट्र बैंकको मौद्रिक नीति, २०७९ मा बचत तथा ऋण सहकारी संस्थाहरूको नियमन, निरीक्षण तथा सुपरिवेक्षण व्यवस्थालाई प्रभावकारी बनाउन बैंकले आवश्यक सहयोग पुऱ्याउने एवम् बचत तथा ऋण सहकारी र गैर-सरकारी संस्थाहरूको प्रभावकारी नियमन, निरीक्षण तथा सुपरिवेक्षणका लागि दोश्रोतहको नियामक निकाय अर्थात Second Tier Institution (STI) स्थापना गर्ने उल्लेख गरिएको छ ।

नेपालको सहकारीका समसामयिक बिषयहरूमा सहकारीहरूको व्यवहारिक वर्गीकरण, संस्थाको कार्यक्षेत्र निर्धारण, गुणस्तरीय लेखापरिक्षण, सहकारी तथ्याङ्क व्यवस्थापन, सुशासन, विभिन्न सरोकारवालाहरूले सहकारीलाई हेर्ने/बुझ्ने दृष्टिकोण, सहकारीका सरोकारवालाहरूबीचको समन्वय एवम् सहकार्य, सहकारी साक्षरता, सदस्यहरूको संस्थामा सहज पहूँच तथा सकृयता, आदि सनातन रूपमा रहँदै आएका छन् । यसका अलावा, सहकारी एकीकरण, आधुनिक सूचना प्रविधि र सम्पत्ती शुद्धिकरण निवारण यस क्षेत्रका नयाँ आयामका रूपमा थपिएका छन् । तथापी, सहकारी सम्बन्धमा संबिधानको भावना, सहकारी बिषयका नीति, कानून लगायतका प्रावधानहरूको प्रभावकारी कार्यान्वयन, आवश्यकता अनुसार ऐन तथा नियमको यथोचित संशोधन, मापदण्ड तथा कार्ययोजना निर्माण र सोको प्रभावकारी कार्यान्वयन मार्फत सहकारी क्षेत्रको गुणस्तरीय विकासको सम्भावना भने यथावत् छ ।

## ३) सहकारीहरूको दर्ता, नियमन र सुपरिबेक्षण सम्बन्धि व्यवस्था

बैंक तथा वित्तीय संस्था ऐन, २०७३ वमोजिम सञ्चालन हुने बैंक तथा वित्तीय संस्थाहरू कम्पनी रजिष्ट्रारको

कार्यालयमा दर्ता हुन्छन् भने तीनलाई केन्द्रीय बैंकका रूपमा नेपाल राष्ट्र बैंकले उक्त ऐन वमोजिम सञ्चालन ईजाजतपत्र दिनुका साथै विवेकशील नियमन र नियमित रूपमा सुपरिबेक्षणको कार्य समेत गर्दछ । नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरूको नियमनका लागि निर्दिष्ट संस्था वा सबै संस्थाहरूलाई लागू हुनेगरी जारी गरिएको परिपत्र, मौद्रिक नीति, एकीकृत निर्देशिका, आवश्यकता अनुसार नेपाल राष्ट्र बैंक ऐन, २०५८ र बैंक तथा वित्तीय संस्था ऐन, २०७३, आदिलाई प्रमुख आधारका रूपमा प्रयोग गर्दछ । स्थलगत एवम् गैरस्थलगत सुपरिवेक्षणका क्रममा उल्लिखित नियामकीय व्यवस्थाहरूको पालना नभएको वा उल्लंघन भएका पाईएमा कानून वमोजिम दण्ड, जरिवाना तथा कारवाही हुने व्यवस्था रहेको छ ।

सहकारीहरूलाई भने सहकारी ऐन, २०७४ वमोजिम तीन तहका सरकार अन्तर्गत दर्ता हुने र सोही सरकारहरूले नियमन तथा सुपरिबेक्षण गर्ने व्यवस्था रहेको छ। यसप्रकारको नियमन तथा सुपरिबेक्षण कार्य गर्न संस्था दर्ता गर्दा बखतको कार्यक्षेत्रलाई आधार मानिन्छ। अर्थात, देशभर कार्यक्षेत्र रहेका सहकारीलाई संघीय सरकारले, एकभन्दा बढी स्थानीय तह र बढीमा केही जिल्ला समेटी कार्यक्षेत्र प्रदान गरिएका सहकारीहरूलाई प्रदेश सरकारले र एक स्थानीय तहसम्म कार्यक्षेत्र प्रदान गरिएका सहकारीहरूलाई सोही स्थानीय सरकारले नियमन तथा सुपरिबेक्षण गर्ने कानूनी व्यवस्था रहेको छ । नेपालको संबिधान वमोजिम सहकारीहरूको नियमन र सुपरिबेक्षणका लागि संघीय, प्रदेश तथा स्थानीय तहका सरकारहरूले पनि आफ्नो कार्यक्षेत्रभित्र लागू हुनेगरी सहकारी ऐन तथा नियम तर्जुमा गर्नसक्छन्। सहकारीहरूलाई नियमन गर्ने प्रयोजनका लागि सहकारी ऐन, २०७४, सहकारी नियमावली, २०७५ लगायत माथि उल्लिखित कानूनी संरचनाहरू तर्जुमा गरिएको छ। यद्यपी, नेपालका सहकारीको नियमनका केही नियमन संरचनाहरू तयार भएतापनि सुपरिवेक्षण कार्य अत्यन्तै कमजोर स्तरमा रहेका कारण ती सबै नियमन संरचनाहरू अप्रभावकारी जस्तै देखिएका छन् ।

## ४) नेपालका सहकारीको नियमनका सूत्रहरू

नियमन भन्नाले नियामकीय निकाय वा अधिकारप्राप्त पक्षले कुनै औपचारिक संस्थाहरूलाई कानून वमोजिम निर्दिष्ट काम कार्यवाहीहरू गर्नु वा नगर्नु वा यसप्रकारले गर्नु भनी लिखित रूपमा जारी गरिने सूचना, निर्देशन, विनियम, परिपत्र, निर्देशिका, कार्यविधि वा मापदण्ड, आदि भन्ने बुझिन्छ । नेपालका सहकारीको नियमन कार्यका लागि दुईवटा मुख्य विकल्पहरू रहेका छन्: पहिलो, सबै तहका सरकार र दोश्रो संस्था स्वयं । यी दुवैतहका नियामक संयन्त्रको आ-आफ्नो ठाउँमा महत्व रहेको छ। यद्यपी, नियमन जारी गर्ने कार्य भने मूलतः संघीय, प्रादेसिक र स्थानीय सरकारका साथै केन्द्रीय बैंकबाट गर्नु वाञ्छनीय हुन्छ। आन्तरिक व्यवस्थापन सम्बन्धि नियमन संरचना भने संस्थाबाटै तयार पार्नु उचित हुन्छ । नेपालको संबिधान वमोजिम तीनै तहका सरकारलाई सम्बन्धित कार्यक्षेत्रको अधीनमा रही सहकारीहरूलाई दर्ता गर्ने, नियमन जारी गर्ने अधिकार तथा जिम्मेवारी रहेको छ । सरकारले सहकारीको नियमनका लागि सहकारी नीति, सहकारी ऐन तथा नियमावली, सहकारीहरूलाई दर्ता गर्दा बखत स्वीकृत गरिने विनियम, सहकारी मापदण्ड तथा निर्देशन, परिपत्र तथा सूचना आदि जारी गर्दछ । यसो गर्दा सरकारहरूले कुनै एक सहकारीलाई वा एकभन्दा बढी सहकारीलाई प्रभाव पर्नेगरी एकैपटक वा अलग अलग समयमा नियमन वा निर्देशन जारी गर्नसक्छ ।

दोश्रो प्रकारको नियमनलाई स्वनियमन पनि भनिन्छ । यसप्रकारको नियमनमा बाह्य नियमनको खासै आवश्यकता पर्दैन । स्वनियमनमा संस्थाका सदस्यहरू स्वयंले संस्था स्थापना, सञ्चालन, प्रबर्द्धन र आवश्यकता अनुसार नियन्त्रण गर्दछन्। सहकारीहरूमा स्वनियमन कायम गर्ने सबैभन्दा ठूलो जिम्मेवारी साधारण सभाको हुन्छ । नेपालमा स्वनियमनका आधारमा सञ्चालित र सफल भईरहेका सहकारीहरू पनि धेरै छन् । यसका लागि संस्थामा कर्जा लगानी नीति, कर्मचारी विनियमावली, आर्थिक मापदण्ड एवम् कार्यविधि, सञ्चालक तथा कर्मचारी आचारसंहिता, सञ्चालक, कर्मचारी तथा सदस्यहरूको काम कर्तव्य अधिकार, आदि तर्जुमा गरिन्छ भने यसको प्रभावकारी कार्यान्वयन गरिन्छ। साथै, कार्यान्वयनको नियमित आन्तरिक रूपमा अनुगमन पनि गरिन्छ । स्वनियमनको आधारभूत सिद्धान्त अन्तर्गत पारदर्सिता, संस्थामा सदस्यहरूको सहज पहूँच, सहभागिता र सकृयता, संस्था सदस्यहरूप्रति पर्याप्त रूपमा पारदर्सिता, आदि पर्दछन् । जुन सहकारीहरू विधिसम्मत स्वनियमनमा अनुशासित भई पारदर्सि ढंगले सञ्चालित छन्, ती सहकारीमा जोखिमको सम्भावना न्यून रहँदै आएको छ ।

## ५) नेपालका सहकारीको सुपरिवेक्षणका सूत्रहरू

नियामकीय निकायले जारी गरेका नियमन सम्बन्धि बिभिन्न व्यवस्थाको पालना सम्बन्धित संस्थाहरूले तोके

वमोजिम गरे नगरेको जाँचपट्ताल, स्थलगत र गैरस्थलगत निरीक्षण, अध्ययन, मूल्याङ्कन, परीक्षण तथा अनुगमन सम्बन्धि कार्यलाई समग्रमा सुपरिबेक्षण भनी बुझिन्छ । सहकारीको सुपरिबेक्षण कार्यसंग चारवटा मुख्य कुरा जोडिएको हुन्छः सुपरिबेक्षण भनेको के हो, सुपरिबेक्षण कसले गर्ने, सुपरिबेक्षण किन गर्ने र सुपरिबेक्षण कसरी गर्ने । नेपालमा सहकारीको सुपरिबेक्षण सम्बन्धि केही सूत्रहरूलाई देहाय वमोजिम उल्लेख गर्न सकिन्छ ।

**५.१**) स्वसुपरिबेक्षण (Self-Supervision): यसलाई व्यवहारिक रूपमा स्वनियमनकै अर्को अंग मानिन्छ । संस्थालाई सही ढंगले सञ्चालन गरी सुशासन कायम गर्न, पारदर्सिता एवम् जिम्मेवारीको प्रत्याभूति दिन संस्था आफैंले बिभिन्न नियमन संरचना तयार गरी सोको नियमित आन्तरिक सुपरिवेक्षण गर्ने कार्यलाई स्वसुपरिवेक्षण भनिन्छ । यसले आन्तरिक नियन्त्रण प्रणालीलाई मजबूत बनाई संस्थामा आईपर्नसक्ने जोखिम न्यूनिकरण गर्न मदत गर्दछ । खासगरी, सहकारीका सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, ऋण लगानी उपसमिति, आन्तरिक लेखापरीक्षक, प्रमुख कार्यकारी अधिकृत एवम् संस्थाका अन्य उपसमितिहरू स्वसुपरिबेक्षणका अभिन्न अंग हुन् भने PEARLS Monitoring System स्वसुपरिबेक्षणको सबैभन्दा बलियो औजार हो ।

**५.२**) बाह्य सुपरिबेक्षण (External Supervision): नेपालमा सहकारीको बाह्य सुपरिबेक्षण र परीक्षणका लागि केन्द्रीय बैंक र संघीय, प्रादेशिक तथा स्थानीय तहका सरकारहरू महत्वपूर्ण हुन्छन् । यद्यपी, ३० हजारभन्दा बढीको संख्यामा रहेका सहकारीहरूलाई यथोचित वर्गीकरण नगरी उल्लिखित कुनै पनि निकायले सहकारीको प्रभावकारी सुपरिबेक्षण कार्य सम्पन्न गर्न असम्भवप्रायः देखिन्छ ।

**५.३**) दोश्रो तहको नियामक निकाय (Second Tier Institution) को स्थापनाः सहकारीहरूको बाह्य सुपरिवेक्षण कार्यका लागि दोश्रो तहको निकाय एउटा उपयुक्त, विकल्प हो । यद्यपी, नेपालमा सहकारी लगायतका सदस्य, समूह र समूदायमुखि वित्तीय कारोबार गर्ने अन्य स-साना संस्थाहरूलाई एउटै छाताभित्र ल्याई एउटा अलग्गै दोश्रो तहको निकाय गठन गरी सुपरिबेक्षण गर्ने जिम्मेवारी प्रदान गर्ने भनी योजना तथा नीति बनेको दुई दशक भईसके तापनि कार्यान्वयनमा आउन भने सकेको देखिदैन । कानूनी रूपमा सशक्त र अधिकारसम्पन्न यस्तो निकाय सरकार र केन्द्रीय बैंकको समन्वय, संलग्नता, सहकार्य र सहभागितामा गठन गरी साधनश्रोतको उपलब्धता अनिवार्य देखिन्छ । संस्थागत रूपमा **सहकारी प्राधिकरण** यसको एउटा मोडल हुनसक्छ ।

**५.४**) केन्द्रीय बैंक (Central Bank): सहकारीहरूको बाह्य सुपरिवेक्षण कार्यका लागि नेपाल राष्ट्र बैंक एउटा विकल्प हो । सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ मा बार्षिक पचास करोडभन्दा बढी रकमको कारोवार गर्ने सहकारीहरूलाई केन्द्रीय बैंकका रूपमा नेपाल राष्ट्र बैंकले अनुगमन गर्नसक्ने व्यवस्था रहेको छ । यद्यपी, यो प्रावधान कार्यान्वयनमा आउनसकेको देखिदैन । सरकार, केन्द्रीय बैंक र सहकारीका छाता संघहरूबीचको उच्च स्तरको समझदारी र समन्वयबिना उक्त प्रावधान कार्यान्वयनमा आउन कठीन देखिन्छ । साथै, सहकारीहरूको कारोवारमा आएको बढोत्तरी र सहकारीहरूको कारोवार सम्बन्धि यथार्थ तथ्याङ्कको अभाव रहेको हालको अवस्थामा पचास करोडको सीमाभन्दा बढी बार्षिक कारोबार गर्ने सहकारीहरूलाई बैंकले सुपरिबेक्षण गर्नसक्ने सम्भावना पनि न्यून नै छ ।

**५.५**) छाता संघहरू (Umbrella Federations): सहकारीका छाता संघहरूले पनि आफ्ना सदस्य संस्थाहरूलाई सिमित बिषयहरूमा सुपरिबेक्षण गर्नसक्छन् । छाता संघहरूले गर्ने सुपरिवेक्षणबाट फेला पर्ने कैफियतहरू सुधारका लागि सुझाव, सल्लाह, सहयोग एवम् पथप्रदर्शन गर्नसक्छन् । तर, छाता संघहरूले गर्ने सुपरिवेक्षण कारवाहीको तहमा भने पुग्नसक्ने अवस्था भने देखिदैन ।

## ६) नेपालको सहकारी क्षेत्रमा नियमन एवम् सुपरिवेक्षणको औचित्य

आर्थिक उदारीकरण पश्चात बढ्दै गएको सहकारीको संख्यात्मक, सदस्यहरूको सहभागिता र कारोवारको वृद्धिले सहकारीमा बिभिन्न चूनौतीहरू पनि थप्दै गएको छ । करीव साँढे छ दशकको ईतिहाँस बोकेको नेपालको सहकारी क्षेत्रमा लामो समयदेखि देखा परेका देहाय वमोजिमका चूनौतिहरूका कारणले यो क्षेत्रको विवेकशील नियमन र प्रभावकारी सुपरिवेक्षणको औचित्य स्थापित गरेको छ । चूनौती र समस्याहरू जति धेरै बल लगाएर लुकाउँदै, टाल्दै र छोप्दै गयो त्यसले कुनै दिन उग्र रूप लिने कुरामा दुईमत छैन । यस्ता समयको यथासमय यथोचित समाधान अपरिहार्य छ ।

### ६.१) सहकारीहरू मार्फत सम्पत्ती शुद्धिकरणको सम्भावना

आतङ्ककारी गतिविधि, मानव बेचबिखन तथा तस्करी, मानव अपहरण एवं फिरौती असूलि, लागुऔषध कारोवार, अबैध हातहतियार, भ्रष्टाचार, चोरी तथा डकैती, राजस्व छली एवं अन्य कुनै पनि प्रकारको गैरकानूनी कृयाकलापबाट प्राप्त नगद वा जिन्सी सम्पत्तीलाई अबैध वा गैरकानूनी भनि बुझ्ने गरिन्छ । गैरकानूनी तरीका र श्रोतबाट आर्जित सम्पत्तीमा नगद नै प्रमुख हो जसलाई कानूनी रूपले बैध बनाउन बैंक तथा वित्तीय संस्था वा सहकारीको प्रयोग हुनसक्छ । सहकारी क्षेत्रमा रहेको कमजोर सुशासनको अवस्था र वित्तीय कारोवारमा देखिने गरेको अपारदर्शिताले सहकारी क्षेत्रमा सम्पत्ती शुद्धिकरणको सम्भावनालाई औंल्याउँदै आएको छ । यो सम्भावनाको समयमै निराकरण गर्न सहकारीलाई पारदर्सि, सुशासन र प्रभावकारी सुपरिवेक्षणको दायरामा राख्न आवश्यक छ ।

### ६.२) सहकारीमा कमजोर स्वनियमनको संस्कृति

सिद्धान्ततः सहकारीहरू स्वनियमनमा आधारित संस्था हुन् । स्वनियम हरेक क्षेत्रको सबैभन्दा राम्रो नियमन व्यवस्था हो । सहकारीमा स्वनियमनको अवस्था श्रृजना गर्न प्रभावकारी आन्तरिक नियन्त्रण प्रणालीको अवलम्बन, आन्तरिक लिखित व्यवस्थाको पर्याप्तता, सञ्चालक तथा लेखा समितिको प्रभावकारीता र यी दुई समितिबीचको जिम्मेवारी सन्तुलन, सदस्यहरूको संस्थासम्मको सहज पहूँच, सकृयता, साक्षरता र सहभागिताको सुनिश्चितता आदिबाट मात्र सम्भव देखिन्छ । अन्तर्राष्ट्रिय रूपमै सहकारीहरू सदस्यद्वारा स्थापित, सञ्चालित र नियन्त्रित रहने सैद्धान्तिक आधारमा पनि सहकारीहरूमा सदस्यहरूकै सञ्चालन, नियमन र प्रभावकारी नियन्त्रण हुन्छ भन्ने मान्यता राखिन्छ । तर नेपालका कतिपय सहकारीहरू स्वनियमनको दायरामा रहन नचाहेको अवस्थामा यो क्षेत्रमा बाह्य नियमन एवम् सुपरिवेक्षणको आवश्यकता खड्किएको हो ।

### ६.३) नियमन पालनाको कमजोर अवस्था

बिगतका केही अनुगमन तथा निरीक्षणका उदाहरण हेर्दा कतिपय सहकारीहरू नियमनको पालनामा कमजोर रहेको पाईएको उदाहरणका आधारमा सहकारीहरूलाई नियमित र सघन प्रकृतिको बाह्य सुपरिवेक्षणको आवश्यकता देखिएको छ ।  सहकारी संस्थाहरूको सुपरिबेक्षण अन्तर्गत प्रमुख ३ अभिन्न अङ्गहरू स्थलगत निरीक्षण वा जाँच, गैरस्थलगत सुपरिबेक्षण र कार्यान्वयन रहने गर्छन् । यसप्रकारको प्रभावकारी सुपरिवेक्षण संस्कृतिको थालनी भएमा सहकारीहरू समयमै सच्चिने सम्भावना रहन्छ ।

### ६.४) सहकारीहरूको बढ्दो संख्या तथा कारोवार

देशभर उपलब्ध तथ्याङ्क वमोजिम सिमित क्षेत्रहरूमा स्थापित ३० हजारभन्दा बढी संख्याका सहकारीहरूको औचित्य देखिदैन । एकातिर अझ पनि कतिपय ग्रामीण स्थानमा संस्थाको अभाव देखिएको छ भने, अर्कोतिर कतिपय शहर र शहरोन्मुख स्थानमा सहकारीहरूको घुईचो लागेको देख्न सकिन्छ । यस्ता स्थानका एउटै व्यक्तिसंग १०-१५ वटा सहकारीको सदस्यता तथा बचत संकलन गर्ने पासबुक छन् । तथापी, हाल नेपालका सहकारी संस्थाहरूको संख्या, कारोवार रकम, सदस्य संख्या, कर्मचारीहरूको संख्या, सहकारीहरूको प्रकृती आदि बारेको भरपर्दो तथ्याङ्क पाईने अवस्था भने देखिदैन । उपलब्ध तथ्याङ्क वमोजिम वित्तीय क्षेत्रमा करीव ११ प्रतिशत हिस्सा रहेको सहकारी क्षेत्रको यो प्रकारको अन्योलताले मौद्रीक व्यवस्थापन र आर्थिक नीति निर्माणमा प्रभाव पार्ने नै देखिन्छ । देशमा स-सानादेखि करीव १६ अर्वसम्म कारोवार गर्ने सहकारीहरू सञ्चालनमा रहेको अवस्थामा कम्तीमा ठूला सहकारीहरूको वित्तीय लगायत सहकारी सञ्चालकहरूको व्यक्तिगत र व्यवसायिक जानकारी नियामक निकायमा हुन आवश्यक छ । यसका लागि बिवेकशील नियमन र प्रभावकारी सुपरिवेक्षणको आवश्यकता छ ।

### ६.५) जनताको बढ्दो विश्वास, सहकारी साक्षरताको कमजोर अवस्था र सदस्य सकृयताको कमजोर अवस्था

करीव ७४ लाख जनताहरू सहकारीका सदस्यका रूपमा रहेको भन्ने तथ्याङ्कका आधारमा सहकारीप्रति जनताको विश्वास र कारोवारमा संलग्नता उल्लखनीय रहेको देखिन्छ । तथापी, सहकारी साक्षरता र संस्थाप्रतिका सकृयताको हिसावले सहकारीका सदस्यहरू कमजोर रहेको पाईन्छ । अधिकाँश सदस्यहरूलाई आफु किन त्यस सहकारीको सदस्य बनेको, आफु सदस्य रहेको सहकारीको सञ्चालक समितिमा को कस्ता व्यक्तिहरू संलग्न छन्, आफु संलग्न सहकारीको लगानी लगायतको वित्तीय अवस्था के छ भन्ने कुराको आधारभुत ज्ञान समेत छैन । सदस्य नै सहकारीका प्रमुख आधारस्तम्भ र सरकोरवाला हुने हुँदा सदस्यहरूले संस्था, कारोवार, सञ्चालक र कर्मचारीहरूबारे चासोपूर्वक जानकारी राख्नुपर्दछ । सहकारी साक्षरता भन्नाले सहकारीसंग सम्बन्धीत व्यक्तिहरूले जानकारी राख्नुपर्ने न्यूनतम् जानकारी र

दक्षतालाई जनाउँदछ । संस्थाको बचतको प्रकार तथा यसको व्याज, ऋणको प्रकार तथा यसको व्याज, संस्थाले गरेको लगानी तथा त्यसको आर्जनको अवस्था, लगानीका क्षेत्र तथा व्यक्तिहरू, संरक्षितपूँजी फीर्ताकोष, सञ्चालकहरूको योग्यता, पृष्ठभूमी तथा व्यवशायीक दक्षता आदि, प्रमुख कार्यकारी अधिकृत वा व्यवस्थापकको क्षमता तथा कार्यदक्षता आदिबारेमा सदस्यहरूले जानकारी राख्नु वाञ्छनीय हुन्छ । साथै, सहकारीहरू सदस्यमूखि संस्था हुने भएकाले जुन सहकारीका सदस्यहरू सचेत, साक्षर र सकृय छन् ती संस्थाहरू प्रभावकारी र दीगो रूपमा सञ्चालन भएका छन् । यसको सही अवस्था थाहा पाउन पनि नियमन र सुपरिवेक्षण आवश्यक छ ।

## ६.६) कमजोर सहकारी सुशासन

सहकारीको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मूल्य मान्यता र सिद्धान्तको पालना, मौजुदा सहकारी कानुनको परिपालना, आवश्यक सबै नीतिगत पूर्वाधारको निर्माण, विधिको शासनमा सबैको प्रतिवद्धता, सरोकारवालाहरूबीचको आवश्यक समन्वय, सञ्चालक, प्रमुख कार्यकारी र कर्मचारीहरूवीचको समन्वय र सहकार्य, योग्यता र ज्ञान एवं सीपलाई प्राथमिकता, संस्थाका सदस्यहरूको उचित सम्मान र समान व्यवहार, सदस्यहरूलाई संस्थाको सबै खाले सूचनामा सहज पहूँच, संस्थाको काम कार्यवाहिको पारदर्शिता र सो उपर प्राप्त हुने गुनासो तथा सुझावको सुनुवाई र सोको प्रभावकारी कार्यान्वयन, गैर-सदस्य कारोवारमाथि प्रतिवन्ध, सदस्यहरूको सामाजिक उत्थानका लागि सामाजिक क्षेत्रमा समेत यथासक्य योगदान, आदि सहकारी सुशासनका प्रमुख विषयहरू हुन् । सहकारीको सुशासन अन्तर्गत मूलतः सदस्यहरूप्रतिको संस्थाको जवाफदेहीता, वित्तीय तथा गैरवित्तीय काम कार्यवाहीको पारदर्सिता र संस्थालाई कानूनी संरचनाको अधीनमा रही सञ्चालन गर्ने बिषयहरू पर्दछन् । सहकारीहरूको समग्र सुशासनको अवस्था कमजोर रहेको सन्दर्भमा सहकारीमा प्रभावकारी नियमन तथा सुपरिवेक्षणको आवश्यकता छ ।

## ७) निष्कर्ष

नेपालका प्राय शहरी र सहरोन्मुख क्षेत्रमा रहेका अधिकाँश सहकारीहरूमा हुने सबै वित्तीय कारोबारहरूको स्वच्छता, कानूनको परिपालना र पारदर्शिताबारे कुनै न कुनै रूपमा बारम्बार प्रश्नहरू उठने गरेकै छन् । समयमै प्रभावकारी सुपरिबेक्षकीय संरचना मार्फत बचत तथा ऋण कारोवार गर्ने सहकारीहरूको प्रभावकारी सुपरिबेक्षण गर्न नसक्दा सहकारी क्षेत्रमा विकृतिहरू देखापर्न थालेका हुन् । करीब ७४ लाख जनताको रू.५७२ अर्वभन्दा बढि पूँजी परिचालन भईरहेको यस क्षेत्रमा जनताको थप विश्वास आर्जन हुनुपर्ने, संस्थाका सदस्यहरूको निक्षेप सुरक्षाको प्रत्याभूति हुनुपर्ने, संस्थामा कानुन वमोजिमका स्वच्छ कारोबार मात्र हुनुपर्ने र सरकार वा नियामक निकाय र संस्थाका सबै सदस्यहरूमा यसवारे विश्वासको प्रत्याभुती हुनुपर्ने बिषयहरू महत्वपूर्ण छन् । सहकारी क्षेत्र बलियो सुपरिवेक्षकीय दृष्टिमा ओझेलमा परेको आधारमा यस क्षेत्रलाई छायाँ बैंकिङ भनी व्याख्या गरिएता पनि कानूनी रूपमा जिम्मेवारी पाएको निकायले यसको सुपरिवेक्षणको प्रत्याभूती दिन आवश्यक छ । करीव साँढे ६ दशकको सहकारी ईतिहाँसमा सहकारीहरूको संख्यात्मक वृद्धिसंगै यसको गुणस्तर वृद्धि अवको प्रमुख विषय हुनुपर्दछ । साथै, अन्तर्राष्ट्रिय मान्यताका नाममा सहकारीहरू स्वनियमनमा आधारित संस्था हुन् भन्ने मान्यता पछिल्लो समयमा सहकारी क्षेत्रबाटै खण्डित हुँदै गएको छ । सहकारीको मुल्य, मान्यता र सिद्धान्त विपरित जनताको रकम उठाई नियामकीय निकायको कमजोरीको फाईदा उठाउँदै सिमित व्यक्तिले मात्र लाभ हुनेगरी सञ्चालन भईरहेका कतिपय सहकारीका लागि स्वनियमनको बिषय देखाउने दाँत मात्र बनेको छ ।

नेपालका बचत तथा ऋण सहकारी लगायत वित्तीय कारोबार गर्ने सबै संस्थाहरू अबैध कारोवारको अखाडा बन्नु हुदैन भन्ने कुरालाई समेत विशेष चनाखो भई सबैले हेर्नुपर्ने देखिएको छ । यस काममा सहकारी क्षेत्रका सबै सरोकारवालाहरूले सघाउ पुऱ्याउनुपर्ने समेत देखिन्छ । यसका लागि पारदर्सिता र सुशासनको प्रत्याभूति हुन आवश्यक छ भने यस्तो प्रत्याभूति दिनसक्ने प्रमुख आधार विबेकशील नियमन र प्रभावकारी सुपरिवेक्षण नै हो । त्यस्तै, सदस्य सचेतना र सकृयता कुनै पनि सहकारीको दिगोपन र प्रभावकारीताको आधार हो । राष्ट्रिय र अन्तर्राष्ट्रिय सहकारीको मूल्य मान्यताको पालना, सहकारी कानून वमोजिम कारोबार, सहकारी सुशासनको प्रत्याभूति, सहकारी तथ्याङ्कको भरपर्दो प्रणाली बिकास, आधुनिक वित्तीय प्रविधिको प्रयोग मार्फत सदस्य सेवाको प्रभावकारिता अभिवृद्धिले सहकारीको विश्वसनियता बढाउन सघाउने देखिन्छ । सहकारी क्षेत्रमा नेपाल राष्ट्र बैंकले सुपरिबेक्षण गर्ने सन्दर्भमा सहकारी

ऐन र नियमावली कार्यान्वयन गर्न सबै सरोकारवालाहरूमा उच्चस्तरीय समझदारी बन्न आवश्यक छ ।

सहकारी क्षेत्रमा व्यवसायिक सुपरिबेक्षण संस्कृतिको बिकास गरी संबिधानले परिकल्पना गरेझैं मुलुकको वित्तीय पहूँच र समावेशिता बढाउन सहकारीको भूमिका वृद्धि गर्न पनि त्यत्तिकै आवश्यक छ । विबेकशील नियमन र बाह्य क्षेत्रले गर्ने भनिएको प्रभावकारी सुपरिवेक्षण सम्बन्धि कार्यलाई सहकारी क्षेत्रको नियन्त्रण गर्ने प्रयासका रूपमा बुझ्ने गलतफेहमी पनि यत्रतत्र रहेको छ। सुशासनको दायरा नाघेका केही सहकारीलाई शुरूका दिनमा यस्ता कार्य केही असजिलो लागे तापनि नियमित नियमन र सुपरिवेक्षणले त सहकारी क्षेत्रको गुणस्तर बिकास र दीगोपनलाई पो प्रत्याभूत गर्दछ । यसकारणले, सहकारी सम्बन्धि चूनौती र समस्याहरू जति धेरै बल लगाएर टाल्दै र छोप्दै गयो त्यसले कुनै दिन जटिलता ल्याउनसक्ने कुरामा दुईमत छैन । यसको सही र दीगो सामाधानका लागि सबै सरोकारवालाहरूले बेलैमा उचित कदम चाल्न आवश्यक छ ।

**संस्था परिचय**

# श्री अकला नमुना साना किसान कृषि सहकारी संस्था लि.

## वालिङ -६, स्याङ्जा

**संस्थाको परिचय र पृष्ठभूमि :**

मिति २०७५/१०/०९ मा दर्ता भई सुरुवात भएको नमुना साना किसान कृषि सहकारी संस्था लि.वालिङ्-६,स्याङ्जाले सुरुवातमा वालिङ् नगरपालिकाका १, ६ र ८ तिन वटा वडालाई कार्यक्षेत्र बनाई किसानहरूको पक्षमा काम गर्दै आएकोमा मिति २०७८।०३।१४ गतेका दिन अकलादेवि कृषि सहकारी संस्था लिमिटेड. वालिङ् - १३, वायाँटारी सँग एकीकरण भई श्री अकला नमुना साना किसान कृषि सहकारी संस्था लि. वालिङ् - ०६, स्याङ्जा भई एकीकृत रूपमा कारोबार गर्दै आइरहेको छ ।




हाल यसको कार्यक्षेत्र वालिङ् नगरपालिकाका सबै वडाहरू र गल्यङ् नगरपालिकाका २, ३, ७ र ८ वडा रहेको छ । हाल यस संस्थाले २५०० शेयर सदस्यहरूबिच आफ्नो कारोबार गरिरहेको छ ।

यस संस्थाले स्थापना कालको सुरुवात देखि नै किसानहरूलाई आत्मनिर्भर बनाउने उद्देश्यले उनीहरूको आवश्यकतालाई मध्यनजर गर्दै वालिङ् बजारमा दुग्ध डेरी उद्योग सञ्चालन गर्दै आइरहेको छ । यसले आफ्ना शेयर सदस्यहरूलाई कृषि पेसातिर उत्प्रेरित गर्नको लागि सान किसान विकास लघुवित्त वित्तीय संस्था लि. इलाका कार्यालय पोखरा सँग समन्वय गरि पशुपालन एवं तरकारी खेतीमा ९% ब्याजमा बिना धितो दुई लाख सम्म कर्जा प्रदान गर्ने गरेको छ। साथै यसका लागि आवश्यक भएको खण्डमा सो सम्बन्धी तालिम पनि प्रदान गर्ने गरिएको छ । यसै गरी यस संस्थाले हालसम्म मन्टेश्वरी, सिलाई कटिङ्, बेमौसमी तरकारी खेती, पशुपालन जस्ता तालिम उपलब्ध गराएको छ ।

यस संस्थाले कृषि पेसा गर्न इच्छुक शेयर सदस्यहरूलाई ९% मा कर्जा उपलब्ध गराई गाई, भैँसी पाल्न लगाई उनीहरूको दूध बाहिर बजारमा बढी मूल्य पारी बेच्न सकेमा बाहिर नै बेच्ने यदि नसकेको खण्डमा उनीहरूको दूध डेरीमा बिक्री गर्न सकिने व्यवस्था मिलाएको छ । यस संस्थाले गत वर्ष आफ्ना शेयर सदस्यहरू मध्येबाट भैंसीपालन र बाख्रा पालन गर्ने किसानहरूको एक - एक वटा समूह बनाई नेपाल लाइभ स्टक सेक्टर इनोभेसन उपआयोजना, उपआयोजना कार्यान्वयन एकाइ, पोखरा सँग समन्वय गरी दुई वटा उपआयोजना सञ्चालनमा सहयोग पुऱ्याईरहेको छ । त्यसरी नै संस्थाले आफ्नै डेरी उद्योगको लागी पनि उक्त आयोजना सँग सम्झौता गरी नमुना दुग्ध प्रशोधन उपआयोजना सञ्चालन गरिरहेको छ । उक्त डेरी उद्योगमा दूध, दही, पनिर, नौनी, घिउ, छुर्पी जस्ता चिजहरू उत्पादन एवं विक्री वितरण भइरहेको छ र यहाँ बाट उत्पादन भएको छुर्पी अमेरिकाको बजार सम्म पुऱ्याउने कार्य समेत गर्दै आइरहेको छ ।



यस संस्थाले गत वर्ष किसानहरूलाई नगदे बालीको रूपमा कृषि तथा पशुपक्षी विकास मन्त्रालय अन्तर्गत "अदुवाको बिउ पैँचो" कार्यक्रम सञ्चालन गरेको थियो त्यसरी नै आफ्ना शेयर सदस्यहरूलाई संस्थाबाट नै साग, मुला र सिमीको बिउ समेत उपलब्ध गराएको थियो । यस संस्थाले केही समय अगाडी मात्रै प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ स्याङ्जा सँग समन्वय गरी किसानहरूलाई ५ वटा हाते ट्याक्टर, २ वटा भैंसी वितरण, घाँसमा ५०% अनुदान, १४ वटा गोठ सुधार एवं अदुवाको बिउमा ५०% अनुदान जस्ता कार्यक्रमहरू सञ्चालन गरेको छ । यस संस्थाले किसानहरूको मनसायलाई बुझी गत वर्ष देखि पशु बिमा कार्यक्रम समेत सञ्चालन गर्दै आइरहेको छ । साथै किसानहरूलाई पशु बिरामी पर्दा सहज तरिकाले सहुलियत रूपमा संस्थाबाटै प्राविधिक उपलब्ध गराई उपचारमा सहयोग गर्ने कार्य समेत गरेको छ । अन्तमा यस संस्थाले वालिङ् - ०८, जैसीपंधेरामा रासायनिक मल, विभिन्न किसिमका विउविजनहरु बिक्री वितरण गर्ने पसलको स्थापना गरि किसानहरूको हितमा काम गर्दै आइरहेको छ साथै यस संस्थाले वालिङ् - १३, वायाँटारी, शाखा कार्यालयबाट पनि आफ्ना शेयर सदस्यहरूलाई सेवा प्रदान गरिरहेको छ र आगामी दिनमा यहाँबाट प्रदान गर्न सकिने सेवा सुविधालाई अझै चुस्त, दुरुस्तका साथ अगाडी बढाउँदै लैजाने योजना सहित काम गरिरहेको जानकारी गराउँदछौं ।

# सहकारी निवन्ध प्रतियोगितामा मेचीनगरकी उषा निरौला प्रथम

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडले सञ्चालन गरेको वित्तीय साक्षरतामा सहकारीको भुमिका विषयक निवन्ध लेखन प्रतियोगितामा झापाको मेची नगरस्थित कवि शिरोमणी मा.वि.का विद्यार्थी उषा निरौला प्रथम हुनु

भएको छ ।

प्रतियोगितामा कास्की जिल्लास्थित बैंकको तालचोक शाखा अन्तरगतको विद्यालय लक्ष्मी आदर्श मा.वि.का विद्यार्थी सदिक्षा सुवेदी द्वितिय, काठमाडौंको थानकोटस्थित बलम्बु शाखा अन्तरगतको मंगलोदय मा.वि.इमाखेलका विद्यार्थी आनन्द महतो तृतिय हुनु भएको छ ।

यस्तै बलम्बु शाखा अन्तरगतको मंगलो मा.वि कै जेशिका श्रेष्ठ र कञ्चनपुर जिल्लास्थित महेन्द्रनगर शाखा अन्तरगतको विद्यालय निङ्गलाशैनी मा.वि.का विद्यार्थी रोशनी चन्दले सान्त्वना पुरस्कार प्राप्त गरेको बैंकका शिक्षा, तालिम तथा सम्मान उपसमितिका संयोजक राम बहादुर जिसीले जानकारी दिनुभयो ।

बैंकको १८ औं स्थापना दिवस तथा कारोबार शुभारम्भ दिवसका अवसरमा ६८ वटै शाखा मार्फत एक एक वटा विद्यालयमा सहकारी बाल क्लव गठन गरिएको छ । क्लवमा आवद्ध विद्यार्थीहरुलाई सहकारी सचेतना अभिवृद्धि गर्ने उद्देश्यका साथ गत असारमा वित्तीय साक्षरतामा सहकारीको भूमिका विषयक निवन्ध लेखन प्रतियोगिता आयोजना गरिएको थियो । प्रतियोगितामा देशभरका विभिन्न विद्यालयका ३२ जना विद्यार्थीहरुको सहभागिता रहेको थियो ।

बैंकको २० औं स्थापना दिवस तथा कारोबार शुभारम्भ दिवुस कार्यक्रममा निवन्ध प्रतियोगितामा पुरस्कृतहरुको नामावली घोषणा गरिएको थियो । पुरस्कृत विद्यार्थीहरुमध्ये प्रथम हुनेलाई १५ हजार, द्वितिय हुनेलाई १० हजार, तृतिय हुनेलाई ५ हजार तथा सान्त्वना हुनेलाई ३/३ हजार नगद सहित सम्बन्धित शाखामार्फत पुरस्कार वितरण गरिने प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईले जानकारी दिनुभयो ।

# बर्दियामा केयर समीक्षा कार्यशाला कार्यक्रम सम्पन्न

ललितपुर । ठाकुरबाबा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड बर्दियाको आयोजनामा राष्ट्रिय सहकारी बैंकले संचालन गरेको केयर समिक्षा कार्यशाला कार्यक्रम सम्पन्न भएको छ । श्रावण १७ गते संस्थाको सभाहलमा भएको कार्यक्रममा सहकारी क्षेत्रको गुणात्मक सुधारका लागि सहकारी स्तरीकरण कार्यक्रम अन्तर्गत राष्ट्रिय सहकारी बैंकले संचालन गरेको केयर कार्यक्रममा आवद्ध ठाकुरबाबा बहुउद्देश्यीय सहकारी संस्थाका सल्लाहकार, पदाधिकारी, संचालक, विभिन्न उप-समितिका संयोजक तथा सदस्यहरु, कर्मचारीहरुको उपस्थिति थियो ।

कार्यक्रममा बोल्दै राष्ट्रिय सहकारी बैंकका संस्थाका अध्यक्ष निलकण्ठ कंडेलको अध्यक्षतामा भएको कार्यक्रममा सहभागिहरुले केयर मापदण्डको आधारमा संस्थाको अवस्था, संस्थामा भएका सुधार तथा प्रगती, संस्थाको वित्तीय तथा गैर-वित्तीय अवस्थाको बारेमा संस्थागत प्रस्तुतीकरण गर्नुका साथै एक आपसमा भएका असल अभ्यासहरुको अनुभव आदान-प्रदान गरिएको थियो । कार्यक्रममा स्वागत मन्तव्य कुसुम्वादेवि बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष टेक बहादुर खत्रिले राख्नु भएको थियो, भने संचालन संस्थका व्यवस्थापक पुण्य प्रसाद अर्यालले गर्नु भएको थियो । कार्यक्रममा संस्थामा सुधार गर्नुपर्ने पक्षहरुको विषयमा बैंकका अधिकृत सुर्य प्रसाद रिमालले सहजकिरण गर्नु भएको थियो ।

# दाङमा स्तरीकरण (केयर) समीक्षा कार्यशाला कार्यक्रम

ललितपुर । बाबा बचत तथा ऋण सहकारी संस्था लिमिटेड दाङ, तुलसिपुरको आयोजनामा राष्ट्रिय सहकारी बैंकले संचालन गरेको केयर समिक्षा कार्यशाला कार्यक्रम सम्पन्न भएको छ । श्रावण २१ गते बैंकको तुलसिपुर शाखाको तालिम हलमा भएको कार्यक्रममा सहकारी क्षेत्रको गुणात्मक सुधारका लागि सहकारी स्तरीकरण कार्यक्रम अन्तर्गत राष्ट्रिय सहकारी बैंकले संचालन गरेको केयर कार्यक्रममा आवद्ध दाङ र सल्यान जिल्लाका सहकारी संस्थाका सल्लाहकार, पदाधिकारी, संचालक, विभिन्न उप-समितिका संयोजक तथा सदस्यहरु, कर्मचारीहरुको उपस्थिति थियो । संस्थाका अध्यक्ष लिलाधर खड्का अध्यक्षतामा भएको कार्यक्रममा सहभागिहरुले केयर मापदण्डको आधारमा संस्थाको अवस्था, संस्थामा भएका सुधार तथा प्रगती, संस्थाको वित्तीय तथा गैर-

वित्तीय अवस्थाको बारेमा संस्थागत प्रस्तुतीकरण गर्नुका साथै एक आपसमा भएका असल अभ्यासहरुको अनुभव आदान-प्रदान गरिएको थियो ।

कार्यक्रममा सामुदायिक बचत तथा ऋण सहकारी संस्थाका संचालक कल्पना कार्की र चेतना सामाजिक उद्यमी सहकारीका अध्यक्ष फत्तेजंग घर्तीले मन्तव्य राख्नु भएको थियो, भने संस्थागत प्रस्तुतिकरण चेतना सामाजिक उद्यमी सहकारी सल्यानका सुचना प्रविधि प्रमुख ओम गिरि, सामुदायिक बचत तथा ऋण सहकारी, घोराहीका प्रमुख कार्यकारी अधिकृत कल्पना न्यौपाने, र बाबा बचत तथा ऋण सहकारी संस्थाका व्यवस्थापक दिपा खड्काले गर्नुभएको थियो । कार्यक्रममा संस्थामा बैंकको तर्फबाट बैंकका अधिकृत सुर्य प्रसाद रिमालले सहजकिरण गर्नु भएको थियो ।

# सदस्य सेवालाई थप उत्कृष्ट बनाउने प्रतिवद्धता सहित सहकारी बैंकको वार्षिक समिक्षा सम्पन्न




ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडको पोखरामा आयोजित ३ दिने वार्षिक समिक्षा गोष्ठी श्रावण २३ गते सम्पन्न भएको छ । आर्थिक वर्ष २०७८/०७९ को समग्र समिक्षा गरी चालु आर्थिक वर्षका योजना तथा कार्यक्रमलाई थप प्रभावकारी बनाउन गोष्ठी सहयोगी हुने बैंकले जनाएको छ ।

कार्यक्रममा बैंकको वर्तमान वित्तीय अवस्था र आगामी लक्ष्य, बैकले सञ्चालन गरेका सेवाहरु र आगामी दिनमा सञ्चालन गर्ने सेवाहरु, बैकको सञ्चालन प्रक्रिया लगायतका विषयमा शाखा प्रमुखहरुको प्रस्तुतीकरण, समुह छलफल गरी प्रभावकारी रुपमा अगाडि बढ्ने प्रतिवद्धता कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रम समापनका अवसरमा बोल्दै बैंकका अध्यक्ष के.बी.उप्रेतीले ७७ वटै जिल्लामा बैंकको सञ्जाल निर्माण गरेर थप प्रभावकारी सेवा सञ्चालनका लागि बैकको सम्पूर्ण शक्ति परिचालन हुनु पर्नेमा जोड दिनुभयो ।

बैंकको पहिलो काम सदस्यहरुलाइ प्रदान गरिने वित्तीय तथा अन्य सेवालाई प्रभावकारी बनाउने र समग्र सहकारी अभियानको प्रभावकारितामा सहयोग पुग्ने गरी काम गर्न अध्यक्ष उप्रेतीले शाखा प्रमुखहरुलाई आव्हान गर्नु भयो । उहाँले शाखा भएका ठाउँमा शाखा मार्फत र शाखा नभएका जिल्लामा जिल्ला स्तरीय सञ्जाल निर्माण गरी बैंकको सेवालाई थप प्रभावकारी बनाइने बताउनुभयो । सहकारी क्षेत्रमा पूँजि संकलन र उत्पादनशिल क्षेत्र

लगायतका क्षेत्रमा पूँजि परिचालनका लागि बैंकको भूमिकालाई थप प्रभावकारी बनाउन जनशक्तिको क्षमता अभिवृद्धि, योजना निर्माण गर्नु पर्ने उहाँको सुझाव छ । बैंकको लेखा सुपरीवेक्षण समितिका संयोजक लक्ष्मी प्रसाद उप्रेतीले देशभरका शाखा प्रमुखहरुको प्रस्तुती, योजना, लक्ष्य र काम गर्ने उत्साह सकारात्मक रहेको चर्चा गर्दै बैंकलाई सुरक्षित र सक्षम बनाउन जनशक्ति प्रभावकारी रहेको बताउनुभयो । बैंकका सञ्चालक तथा गण्डकी प्रदेशका संयोजक राम बहादुर जिसीले स्थानीय तहहरुसंग समन्वय गरेर सदस्य वृद्धिसगै सहकारीहरुको क्षमता विकासका काममा बैंकको भूमिका थप वृद्धि गरिने बताउनुभयो । बैंकका प्रमुख कार्यकारी अधिकृत बद्री कुमार गुरागाईले सहकारी क्षेत्रमा बैंकले सञ्चालन गरेका प्रविधि लगायतका सेवाहरुलाई आम सहकारीहरुमा पुऱ्याउन सकेमा सहकारी क्षेत्रका साख बढाउन सकिने बताउनुभयो ।कार्यक्रमको सञ्चालन बैंकको शिक्षा, तालिम तथा सम्मान उपसमितिका सदस्य सचिव रामबाबु आचार्यले गर्नु भएको थियो । सहकारी संघ संस्थाहरुसंग मात्र कारोबार गर्दै आइरहेको राष्ट्रिय सहकारी बैंकले ६८ वटा शाखा मार्फत देशभरका सहकारी संघ संस्थाहरुसंग कारोबार गर्दै आइरहेको छ । बैंकमा हाल करिव १६ हजार शेयर सदस्य, करिव ३ अर्ब शेयर रकम, ५१ अर्ब निक्षेप, ३७ अर्ब कर्जा लगानी रहेको छ ।

# पोखराका सहकारीकर्मीहरुको आव्हान : सहकारीको पैसा सहकारीमै राखौ

ललितपुर । पोखराका सहकारीकर्मीहरुले सहकारी क्षेत्रमा रहेको तरलताको रकम सहकारी बैंक तथा संघहरुमा नै राख्नु पर्नेमा जोड दिएका छन् ।

राष्ट्रिय सहकारी बैंक लिमिटेडले सोमबार साँझ पोखरामा आयोजना गरेको सहकारीको समसामयिक अवस्था विषयक छलफल कार्यक्रमका सहभागीहरुले सहकारी क्षेत्रमा रहेको रकमलाई सहकारी बैंक लगायत सहकारीका वित्तीय कारोबार गर्ने संघहरुमा राख्नु पर्नेमा जोड दिएका हुन । सहकारीलाई समस्या आउदा सहयोग गर्ने, समन्वय गर्ने तथा नेतृत्वदायी भूमिका निर्वाह गर्ने सहकारीका निकायहरुलाई सवल, सक्षम र प्रभावकारी बनाउन सहकारीको रकम सहकारीमै राख्नु पर्ने उनीहरुको सुझाव थियो । पछिल्लो समय सहकारी क्षेत्रमा देखिएका समस्याहरुको समाधानका लागि समग्र सहकारी अभियान एकतावद्ध हुनु पर्नेमा उहाँहरुको जोड थियो ।

कार्यक्रममा जिल्ला सहकारी संघ कास्कीका निवर्तमान अध्यक्ष रविरमण तिवारी, पूर्व सञ्चालक संगिता गौतम तिमिल्सिना, जिल्ला वचत तथा ऋण सहकारी संघका पूर्व कोषाध्यक्ष नारायण आचार्य, कोअपरेटिभ म्यानेजर्स क्लव कास्कीका अध्यक्ष अपिल कोइराला, संस्थापक अध्यक्ष मिलन ढकाल लगायतले सहकारीमा पछिल्लो समय देखिएका समस्या समाधानमा ऐक्यवद्धता आवश्यक रहेको बताउनु भएको थियो । उहाँहरुले सहकारीको रकम अन्यत्र राख्ने, अप्ठेरो पर्दा अभियान खोज्ने प्रवृतिमा सुधार आवश्यक रहेको समेत बताउनुभयो ।

कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका अध्यक्ष के.बी.उप्रेतीले अभियानसंग सहकार्य नगर्ने, सहकारीको मर्म र भावना अनुसार नचल्ने तथा सहकारीलाई नै कमजोर बनाउने गरी काम गर्ने केही सहकारीहरुका कारण सहकारी क्षेत्रमा समस्या देखिएको बताउनुभयो । सहकारी क्षेत्रमा देखिएका समस्या समाधान गर्नका लागि अभियानका तर्फबाट पहल भैरहेको जानकारी गराउभयो । राष्ट्रिय सहकारी बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईले सहकारीको समसामयिक अवस्था र बैंकको भूमिकाका बारेमा जानकारी गराउनु भएको थियो ।तरलता संकटका कारण सहकारी क्षेत्रमा देखिएको समस्या समाधानका लागि वित्तीय परिचालनसंगै सुशासन र व्यवस्थापनमा ध्यान दिनु पर्नेमा उहाँको जोड थियो ।

बैंकका अध्यक्ष उप्रेतीको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत लेखा सुपरीवेक्षण समितिका संयोजक लक्ष्मी प्रसाद उप्रेती र सञ्चालन बैंकका सञ्चालक तथा गण्डकी प्रदेशका संयोजक राम बहादुर जिसीले गर्नु भएको थियो ।

# राष्ट्रिय सहकारी बैंकलाई अन्तर्राष्ट्रिय सहकारी बैंकिङ्ग संघको सदस्यता प्राप्त

**ललितपुर ।** राष्ट्रिय सहकारी बैंक लिमिटेडलाई अन्तर्राष्ट्रिय सहकारी बैंकिङ संघ (आईसीबिए) ले सदस्यता प्रदान गरेको छ । आईसीबिएले बैंकलाई २०२२ जुलाई अन्तिममा सदस्यता प्रदान गरेको हो ।




१९ अगस्ट १८९५ मा बेलायतको लन्डनमा पहिलो स्थापना भएको उक्त संघमा हाल अर्जेन्टिना, अष्ट्रेलिया, बेल्जियम, इङ्ल्यान्ड, डेनमार्क, फ्रान्स, जर्मनी, हल्याण्ड, भारत, इटाली, स्वीट्जरल्याण्ड, सर्बिया, अमेरिकाका सहित विश्वभरका ५४ देशका सहकारी बैंकहरु आवद्ध छन् । अन्तर्राष्ट्रिय सहकारी महासंघ (आईसिए) को एक अंगको रुपमा रहेको अन्तर्राष्ट्रिय सहकारी बैंकिङ संघ विश्वभर रहेका सहकारी बैंकहरुको उच्च निकाय हो । सघंले सहकारी बैंकहरूको मूल्य, मान्यता, सहकारीको अन्तर्राष्ट्रिय सिदान्त र अन्य बैंकहरूले प्रयोग गर्ने कार्यक्रमहरु अन्तर्राष्ट्रिय र क्षेत्रीय स्तरमा प्रवर्द्धन गर्न सहजीकरण गर्दै आएको छ । त्यस्तै सहकारी बैंकका प्रमुख मुद्दाहरूमा सदस्यहरूबीच सूचनाहरुको आदान-प्रदानलाई सहजीकरण र प्रोत्साहन गर्ने र समाधान खोज्नका लागि अन्तर सहकारी बैंक बीच सहकार्य गर्ने गरेको छ ।

राष्ट्रिय सहकारी बैंकले यस अघि सहकारी सम्वन्धी पेशागत क्षमता अभिवृद्धि गर्न र अन्तर्राष्ट्रिय रुपमा बैंकको क्षेत्र विस्तारको लागि अन्तर्राष्ट्रिय निकायहरु अन्तर्राष्ट्रिय सहकारी महासंघ (आईसिए) एशियाली ऋण महासंघ (अकु) एशिया तथा प्यासिफिक क्षेत्रका कृषि सहकारीहरुको बिकासका लागि संजाल ( नेडाक), एशिया प्यासिफिक ग्रामीण कृषि ऋण संघ ( अप्राक) र कृषि बैंकिङमा अन्तर्राष्ट्रिय सहयोग केन्द्र ( सिटयाव) सहित ५ वटा निकायको सदस्यता प्राप्त गरको थियो । बैंकले ती संघ/संस्थाहरुसंग समन्वय गरी नेपालको सहकारी अभियानलाई अन्तर्राष्ट्रिय जगतमा परिचित गराउन सफल भएको छ । राष्ट्रिय रुपमा बैंकको राष्ट्रिय निकाय राष्ट्रिय सहकारी महासंघको सदस्यता प्राप्त गरेको छ ।

बैंकका अध्यक्ष के.बी. उप्रेतीले अन्तर्राष्ट्रिय सहकारी बैंकिङ संघ (आईसीबिए) को सदस्यता प्राप्त भएसंगै राष्ट्रिय सहकारी बैंकको अन्तर्राष्ट्रिय सम्बन्ध थप बलियो भएको बताउनु भयो । २०६० असार सहकारी संघ संस्थाहरुसंग मात्र कारोबार गर्दै आइरहेको राष्ट्रिय सहकारी बैंकले ६८ वटा शाखा मार्फत देशभरका सहकारी संघ संस्थाहरुसंग कारोबार गर्दै आइरहेको छ । बैंकमा हाल करिव १६ हजार शेयर सदस्य, करिव ३ अर्ब शेयर रकम, ५१ अर्ब निक्षेप, ३७ अर्ब कर्जा लगानी रहेको छ ।

# दमौलिको शुक्ला गण्डकी नगरपालिका क्षेत्रका सहकारीहरू बीच अन्तरक्रिया

ललितपुर । दमौलीको शुक्ला गण्डकी नगरपालिका क्षेत्रका सहकारी संस्थाका प्रतिनिधिहरु र राष्ट्रिय सहकारी बैंक लिमिटेड दमौली शाखा बीच सहकारीको वर्तमान अवस्था विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । श्रावण २६ दमौलिमा बैंकले आयोजना गरेको कार्यक्रममा सहकारीलाई समस्या आउदा सहयोग गर्ने, समन्वय गर्ने तथा नेतृत्वदायी भूमिका निर्वाह गर्ने सहकारीका निकायहरुलाई सवल, सक्षम र प्रभावकारी बनाउन

सहकारीको रकम सहकारीमै राख्नु पर्नेमा जोड दिएका छन् । पछिल्लो समय सहकारी क्षेत्रमा देखिएका समस्याहरुको समाधानका लागि समग्र सहकारी अभियान एकतावद्ध हुनु पर्ने बताएका हुन । उनिहरुले सहकारी क्षेत्रमा देखिएको साना-तिना समस्यालाई सबै मिलेर समाधान गर्नु पर्ने बताए ।

राष्ट्रिय सहकारी बैंक लिमिटेड दमौलि शाखा समन्वय समितिका सदस्य राजकुमार वाग्लेको अध्यक्षतामा भएको कार्यक्रममा शुक्ला गण्डकी नगरपालिका आर्थिक शाखाका प्रमुख नवराज पण्डित लगायत त्यस क्षेत्रका २१ वटा सहकारी संस्थाका २७ जना प्रतिनिधिहरुको सहभागिता रहेको थियो । शुक्लागण्डकी सहकारी म्यानेजर क्लबको समन्वयमा भएको कार्यक्रमको संचालन राष्ट्रिय सहकारि बैक लिमिटेड दमौलि शाखाका प्रमुख उपेन्द्र दाहालले गर्नु भएको थियो ।

# कैलालिका दुई सहकारी संस्था सहकारी बैंकको स्तरीकरण कार्यक्रममा आवद्ध



ललितपुर । कैलालिको नमस्ते बचत तथा ऋण सहकारी संस्था लिमिटेड र सृजलसिल महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड राष्ट्रिय सहकारी बैंकले संचालन गरेको सहकारी क्षेत्रको गुणात्मक सुधारका लागि सहकारी स्तरीकरण कार्यक्रम अन्तर्गत केयरमा आवद्ध भएका छन् ।

सोमबार राष्ट्रिय सहकारी बैंकको तर्फबाट बरिष्ठ प्रबन्धक रामबाबु आचार्य, नमस्ते बचत तथा ऋण सहकारी संस्था लिमिटेडका अध्यक्ष जगतराम चौधरी र सृजलसिल महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका अध्यक्ष लक्ष्मी विनाडीले स्तरीकरण कार्यक्रम केयरमा आवद्ध भएको सम्झौतापत्रमा हस्ताक्षर गर्नुभएको छ । सहकारी संस्थाको सञ्चालनलाई थप व्यवस्थित एवं प्रभावकारी बनाई, गुणस्तरीय सुनिश्चितता कायम गरी सहकारी संस्था एवम् अभियानको उच्च छवि निर्माण गर्ने उद्देश्यका साथ बैंकले सुरु गरेको स्तरीकरण कार्यक्रम अन्तर्गत केयर कार्यक्रमले सहकारी संस्थाको स्तर पहिचान, स्तर मापन एवं स्तरोन्नतिका लागि विभिन्न कार्य गर्ने गर्दछ ।

सहकारी संस्थाको प्रकृति अनुसार बचत तथा ऋण सहकारी र बचत तथा ऋण बाहेकका सहकारी संस्थाहरूका लागि छुट्टाछुट्टै सूचकाङ्कहरू विकास गरिएको र सूचकाङ्कहरूको आधारमा संस्थाको स्तर मापन गरी सोही मापनको परिणामका आधारमा संस्थाको स्तरोन्नतिमा आवश्यक प्राविधिक सहयोग गर्ने बैंकले जनाएको छ ।

स्तरीकरण कार्यक्रम केयर सम्झौतामा हस्ताक्षरपछि बोल्दै नमस्ते बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष जगतराम चौधरीले सहकारीलाई सुरक्षित रुपमा सञ्चालनका लागि आवश्यक नीति तथा कार्यविधिहरु निर्माण गर्न, सुशासन कायम राख्न, वित्तीय रुपमा सक्षम बनाउन तथा समग्रमा सहकारीको स्वास्थ्य अवस्था सुधार गर्नका लागि सहकारी बैंकले सञ्चालन गरेको स्तरीकरण कार्यक्रम प्रभावकारी हुने बताउनुभयो ।

उहाँले स्तरीकरण कार्यक्रममा सहभागी भएपछि बैंकको तर्फबाट वर्षमा ३ पटक संस्थागत रुपमा अनुगमन निरीक्षण गरी सुझाव दिने र सुझावहरु कार्यान्वयन गर्दै जादा संस्थालाई धेरै व्यवस्थित गराउन सहज हुने भएकोले पनि यो कार्यक्रम प्रभावकारी हुने कुरामा जोड दिनु भयो । सम्झौता कार्यक्रममा बैंकका बरिष्ठ प्रबन्धक रामबाबु आचार्य, अधिकृत नब कुमार अधिकारी, बैंकको धनगढी शाखाका प्रमुख कृष्ण रावल र सहकारी संस्थाका प्रतिनिधिहरु उपस्थित हुनुहुन्थ्यो ।

# सुर्खेतमा सहकारी बैंकको स्तरीकरण कार्यक्रममा सहभागी सहकारीहरूबीच समिक्षा गोष्ठी

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडले सञ्चालन गरेको सहकारीहरुको स्तरीकरण कार्यक्रम अन्तर्गत सुर्खेत जिल्लामा आवद्ध सहकारी संस्थाहरु बीच केयर समिक्षा कार्यक्रम मंगलबार सम्पन्न भएको छ ।

केयर कार्यक्रममा आवद्ध उपकार बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड सुर्खेतको आयोजना तथा राष्ट्रिय सहकारी बैंकको प्राविधिक सहयोगमा श्रावण ३१ गते कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा बैंकको केयर कार्यक्रममा आवद्ध ९ वटा संस्थाको वित्तीय अवस्था, सुशासन र आन्तरिक व्यवस्थापन लगायतका विषयमा छलफल भएको थियो ।




सहकारीहरुलाई थप व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि रणनीतिक योजना निर्माण गर्ने, संस्थागत पूँजि वृद्धिको योजना बनाउने, सञ्चालक समिति र उपसमितिका पदाधिकारी तथा सदस्यहरु र कर्मचारीको क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने, तरलता व्यवस्थापन लगायतका विषयमा ध्यान दिनु पर्नेमा जोड दिइएको छ ।

केयर कार्यक्रममा आवद्ध सहकारी संस्थाहरुको तर्फबाट उपकार बहुउद्धेश्यीय सहकारी संस्था लिमिटेडका महेन्द्र प्रसाद शर्माले सहकारीलाई सुरक्षित रुपमा सञ्चालनका लागि आवश्यक नीति तथा कार्यविधिहरु निर्माण गर्न, सुशासन कायम राख्न, वित्तीय रुपमा सक्षम बनाउन तथा समग्रमा सहकारीको स्वास्थ्य अवस्था सुधार गर्नका लागि सहकारी बैंकले सञ्चालन गरेको स्तरीकरण कार्यक्रम प्रभावकारी भएको बताउनुभयो । स्तरीकरण कार्यक्रममा सहभागी भएपछि बैंकको तर्फबाट वर्षमा ३ पटक संस्थागत रुपमा अनुगमन निरीक्षण गरी सुझाव दिने र सुझावहरु कार्यान्वयन गर्दै जादा संस्थालाई धेरै व्यवस्थित गराउन सहज भएको शर्माको भनाइ थियो ।

कार्यक्रममा जिल्ला सहकारी संघ लिमिटेड सुर्खेतका अध्यक्ष अमृत बहादु वि.सीले सहकारीहरुलाई प्रभावकारी रुपमा सञ्चालनका लागि स्तरीकरण कार्यक्रम आवश्यक रहेको बताउनु भयो । उहाँले सहकारीलाई नीतिगत रुपमा भन्दा पनि विगतको अभ्यासका आधारमा सञ्चालन गर्ने अवस्थाका कारण कतिपय सहकारीमा समस्या आएको भन्दै सुधारका लागि स्तरीकरण कार्यक्रममा सहभागी हुन आव्हान गर्नु भयो । कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका बरिष्ठ प्रबन्धक रामबाबु आचार्य र स्तरीकरण विभागका अधिकृत सुर्य प्रसाद रिमालले सहजीकरण गर्नु भएको थियो । उहाँहरुले संस्थाहरुको अवस्थाको बारेमा जानकारी गराउदै सुधारका लागि आवश्यक सुझावहरु समेत दिनु भएको थियो । उपकार बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका अध्यक्ष बिष्णु विक्रम जि.सीको अध्यक्षतामा सम्पन्न भएको थियो ।

# सुर्खेतको गणेशजल बहुउद्धेश्यीय सहकारी संस्था सहकारी बैंकको स्तरीकरण कार्यक्रममा आवद्ध

ललितपुर । सुर्खेतको विरेन्दनगरमा रहेको गणेशजल बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड राष्ट्रिय सहकारी बैंकले संचालन गरेको सहकारी क्षेत्रको गुणात्मक सुधारका लागि सहकारी स्तरीकरण कार्यक्रम अन्तर्गत केयरमा आवद्ध भएको छ ।

भदौ १ गते राष्ट्रिय सहकारी बैंकको तर्फबाट बरिष्ठ प्रबन्धक रामबाबु आचार्य, गणेशजल बहुउद्देश्यीय

सहकारी संस्थाका अध्यक्ष प्रेम प्रसाद बि.सीले स्तरीकरण कार्यक्रम केयरमा आवद्ध भएको सम्भौतापत्रमा हस्ताक्षर गर्नुभएको हो ।

सहकारी संस्थाको सञ्चालनलाई थप व्यवस्थित एवं प्रभावकारी बनाई, गुणस्तरीय सुनिश्चितता कायम गरी सहकारी संस्था एवम् अभियानको उच्च छवि निर्माण गर्ने उद्देश्यका साथ बैंकले सुरु गरेको स्तरीकरण कार्यक्रम अन्तर्गत केयर कार्यक्रमले सहकारी संस्थाको स्तर पहिचान, स्तर मापन एवं स्तरोन्नतिका लागि विभिन्न कार्य गर्ने गर्दछ ।

सहकारी संस्थाको प्रकृति अनुसार बचत तथा ऋण सहकारी र बचत तथा ऋण बाहेकका सहकारी संस्थाहरूका लागि छुट्टाछुट्टै सूचकाङ्कहरू विकास गरिएको र सूचकाङ्कहरूको आधारमा संस्थाको स्तर मापन गरी सोही मापनको परिणामका आधारमा संस्थाको स्तरोन्नतिमा आवश्यक प्राविधिक सहयोग गर्ने बैंकले जनाएको छ । स्तरीकरण कार्यक्रम केयर सम्भौतामा हस्ताक्षरपछि बोल्दै गणेशजल बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका अध्यक्ष प्रेम प्रसाद बि.सीले सहकारीलाई सुरक्षित रुपमा सञ्चालनका लागि आवश्यक नीति तथा कार्यविधिहरु निर्माण गर्न, सुशासन कायम राख्न, वित्तीय रुपमा सक्षम बनाउन तथा समग्रमा सहकारीको स्वास्थ्य अवस्था सुधार गर्नका लागि सहकारी बैंकले सञ्चालन गरेको स्तरीकरण कार्यक्रम प्रभावकारी हुने बताउनुभयो ।

उहाँले स्तरीकरण कार्यक्रममा सहभागी भएपछि बैंकको तर्फबाट संस्थागत रुपमा अनुगमन निरीक्षण गरी सुझाव



दिने र सुझावहरु कार्यान्वयन गर्दै जादा संस्थालाई धेरै व्यवस्थित गराउन सहज हुने भएकोले पनि यो कार्यक्रम प्रभावकारी हुने कुरामा जोड दिनु भयो । सम्भौता कार्यक्रममा बैंकका बरिष्ठ प्रबन्धक रामबाबु आचार्य, स्तरीकरण विभागका अधिकृत सुर्य प्रसाद रिमाल, बैंकको सुर्खेत शाखाका प्रमुख हिरालाल सुनार र सहकारी संस्थाका प्रतिनिधिहरु उपस्थित हुनुहुन्थ्यो ।

# पोखरामा बैंकको प्राविधिक सहयोगमा वार्षिक प्रतिवेदन लेखन गोष्ठी




ललितपुर । को-अपरेटिभ म्यानेजर्स क्लब कास्कीको आयोजना तथा राष्ट्रिय सहकारी बैंक लिमिटेडको प्राविधिक सहयोगमा शुक्रबार देखी सुरु भएको दुई दिने वार्षिक प्रतिवेदन लेखन सम्बन्धी गोष्ठि भदौ ७ गते सम्पन्न भएको छ ।

कार्यक्रम समापनमा बोल्दै क्लबका अध्यक्ष अपिल कोईरालाले आगामी दिनहरुमा सहकारी संस्थामा कार्यरत कर्मचरीहरुको क्षमता विकास लगायतका आवश्यक तालिम तथा शिक्षाका कार्यक्रमहरु दिर्घकालिनसम्म राष्ट्रिय सहकारी बैंकको समन्वय तथा सहकार्यमा गर्नुपर्ने बताउनु भयो । उहाँले बैंकसंगको सहकार्यमा तालिम तथा क्षमता बिकासका कार्यक्रमहरु संचालन गर्दा सहज र सरल हुने भएकोले पनि सहकार्य गरी अघि बढ्नु पर्ने उल्लेख गर्नु भयो । क्लबका संस्थापक अध्यक्ष मिलन

ढकालले सहकारी संघ/संस्थाको विकास र प्रवर्द्धनसंगै वित्तीय तथा गैरवित्तीय आवश्यक्ताको लागि पनि बैंकसंगको सहकार्यमा काम गर्दा धेरै फाईदा हुने बताउनु भयो । कार्यक्रममा सहभागि सहकारी संस्थाका प्रमुख तथा प्रतिनिधिहरुले बैंकको सहयोग तथा सहकार्यमा थप तालिम तथा शिक्षाका कार्यक्रा संचालन गर्नु पर्ने बताएका छन् । बैंकका तालिम अधिकृत बल्लभ तिमल्सिनाले वार्षिक प्रतिवेदन लेखन सम्बन्धी सहजिकरण गर्नु भएको गोष्ठिको संचालन क्लवका सचिव मोहन प्रसाद अधिकारीले गर्नुभएको थियो । गोष्ठि कार्यक्रममा कास्कीको सहकारी संस्थाका ३९ जनको सहभागिता रहेको थियो । क्लबले सहकारी संघ/संस्थामा कार्यरत कर्मचारीहरुको क्षमता वृद्धिका लागि विभिन्न तालिम तथा शिक्षाका कार्यक्रमहरु संचालन गर्दै आएको छ ।

# पर्वत र म्याग्दीका सहकारीकर्मीहरुको माग : 'सहकारी बैंकको शाखा चाहियो'




ललितपुर । पर्वत र म्याग्दीका सहकारीकर्मीहरुले सहकारी क्षेत्रको एक मात्र बैंक राष्ट्रिय सहकारी बैंकको शाखा कुश्मा र बेनीमा सञ्चालन गर्न माग गरेका छन् ।

राष्ट्रिय सहकारी बैंक बागलुङ शाखाले भदौ ८ गते कुश्मा र बेनीमा आयोजना गरेको छुट्टा छुट्टै कार्यक्रमका सहभागीहरुले सहकारीहरुको रकम सहकारी बैंकमा परिचालन गरी सहकारी अभियानलाई प्रभावकारी बनाउनका लागि सहकारी बैंकको शाखा सञ्चालन गर्न आवश्यक रहेको बताएका हुन् । म्याग्दी र पर्वत गठन भएका सहकारी म्यानेजर्स क्लवका तर्फबाट बैकलाई ध्यानाकर्षण पत्र बुझाउदै बैंकको शाखा सञ्चालनका लागि अनुरोध गरेका थिए । सिएमसी पर्वतका अध्यक्ष सुनिता पौडेल र सिएमसी म्याग्दीका अध्यक्ष प्रेमलाल कंडेल (सदन) ले सहकारी बैंकका अध्यक्ष के.बी. उप्रेतीलाई ध्यानाकर्षण पत्र बुझाउनु भएको थियो । पर्वतमा आयोजित कार्यक्रममा प्रमुख अतिथि कुश्मा नगरपालिकाका उपप्रमुख स्वस्थानी रिजालले सहकारीहरुलाई संस्थागत रुपमा सक्षम बनाउन र वित्तीय रुपमा सुशासनयुक्त बनाउन सहकारी बैंक र नगरपालिकाबीच समन्वय गरेर अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गर्नु भएको थियो । सो अवसरमा उहाँले सहकारी बैंकको शाखा कुश्मामा सञ्चालनका लागि आफ्नो तर्फबाट सक्दो सहयोग र समन्वय गर्ने प्रतिवद्धता व्यक्त गर्दै शाखा सञ्चालनका लागि आग्रह गर्नु भएको थियो । पर्वतको कुश्मामा सहकारी बैंकको शाखा सञ्चालन गर्नका लागि जिल्ला वचत तथा ऋण सहकारी संघका अध्यक्ष शेषराज रेग्मीको संयोजकत्वमा बैंक स्थापनाका लागि जिल्ला स्तरीय समन्वय उपसमिति गठन गरिएको छ । पर्वतमा आयोजित कार्यक्रम बैंकका अध्यक्ष केवी उप्रेतीको अध्यक्षता, शाखा प्रमुख युवराज त्रिपाठीको स्वागत र सिएमसी पर्वतका अध्यक्ष सुनिता पौडेलको सञ्चालनमा सम्पन्न भएको थियो । यस्तै म्याग्दीमा सहकारी बैंकको शाखा सञ्चालनका लागि आवश्यक संयोजनका लागि बेनी वचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष रमेश गिरीको संयोजकत्वमा ९ सदस्यीय शाखा सञ्चालनका लागि समन्वय उपसमिति गठन गरिएको छ । बेनीमा आयोजित कार्यक्रममा राष्ट्रिय सहकारी महासंघका सञ्चालक हुमा कुमारी जिसी (अञ्जु), जिल्ला सहकारी संघका अध्यक्ष दिपक कार्की, कोषाध्यक्ष सुरेन्द्र शमा, संघका पूर्व सञ्चालक अमृतदेवी बानिया, मल्लाज

बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष लाल बहादुर अधिकारी लगायतले मन्तव्य व्यक्त गर्नु भएको थियो ।

कार्यक्रममा बैंकका सञ्चालक राम बहादुर जिसीले बैंकको विगत, वर्तमान र आगामी योजनाका बारेमा सहजीकरण गर्नु भएको थियो ।

बैंकका शाखा प्रमुख युवराज त्रिपाठीको सञ्चालनमा सम्पन्न कार्यक्रममा सिएमसी म्याग्दीका अध्यक्ष प्रेमलाल कंडेल (सदन) स्वागत गर्नु भएको थियो ।

# दमौलिमा व्यवस्थापकहरूको क्षमता अभिवृद्धि तालिम सम्पन्न




ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड दमौलि शाखाद्वारा आयोजित एक दिवसीय व्यवस्थापकहरुको क्षमता अभिबृद्धि तालिम सम्पन्न भएको छ ।

भदौ ९ तनहुँको दमौलिमा सञ्चालन भएको उक्त तालिम कार्यक्रमको उद्घाटन गर्दै व्यास नगरपालिकाका मेयर एवम् कार्यक्रमका प्रमुख अतिथि बैकुण्ठ न्यौपानेले तालिमा सिकेको ज्ञान र सीपलाई व्यवहारमा उतार्न आग्रह गर्नुभयो । बैंकले संञ्चालन गर्ने यस्ता तालिमले सहकारी व्यवसायको गुणात्मक विकास हुने अपेक्षा गरेको बताउँदै आफूले विगतमा धेरै प्रकारका तालिमहरु लिएर नेतृत्व तहसम्म पुग्न सफल भएको हुँदा आजका व्यवस्थापकहरुमा पनि आफूले सो कुरा देखेकाले जिम्मेवार भएर काम गर्नेहरुका लागि सहकारी उर्वर र बहुआयामिक क्षेत्र भएको बताउनुभयो । उहाँले सहकारी संघ/संस्थाहरुलाई नीति र विधिमा चलाउन व्यवस्थापकको भूमिका महत्वपुर्ण हुने भन्दै नगरपालिकाले आफ्नो क्षेत्रमा रहेका सहकारी संस्थाहरुको क्षमता विकास गर्नको लागि बैंकसँग सहकार्य गर्न तयार रहेको कुरा उल्लेख गर्नुभयो । सोही अवसरमा बोल्दै जिल्ला सहकारी संघका अध्यक्ष श्रीप्रसाद भट्टराईले सहकारी व्यवसायको अभिवृद्धि र स्थायित्वका लागि व्यवस्थापकहरुको भूमिका महत्वपूर्ण हुने बताउँदै व्यवस्थापकहरु सधैं चनाखो भएर सामय सापेक्ष रुपमा चल्न सक्नुपर्ने कुरामा जोड दिनुभयो । बैंकको दमौली शाखा समन्वय उपसमितिका संयोजक एवम् केन्द्रीय दुग्ध सहकारी संघका वरिष्ठ उपाध्यक्ष अम्बर बहादुर कुँवरको अध्यक्षतामा भएको तालिममा त्यस क्षेत्रमा रहेका सहकारी संस्थाहरुमा कार्यरत ४८ जना व्यवस्थापकहरुको सहभागिता रहेको उक्त तालिममा बैंकका तालिम अधिकृत बल्लभ तिमल्सिनाले सहकारी व्यवसायको विकास, मूल्य र सिद्धान्तको प्रयोग र सरोकारवाला निकायहरुबीच सम्बन्ध विकास, सहकारीमा बित्तीय व्यवस्थापन, व्यवस्थापकको नेतृत्वशीलता तथा सञ्चालक बीचको सम्बन्ध लगायतको विषयमा सहजिकरण गर्नु भएको थियो ।

# सहकारीमा देखिएको समस्या मिलेर समाधान गर्न प्रदेश सांसद सापकोटाको सुझाव



ललितपुर । गण्डकी प्रदेश सभाका सदस्य इन्द्रलाल सापकोटाले गरिवी निवारणको महत्वपूर्ण माध्यम सहकारी क्षेत्रमा पछिल्लो समय देखिएका समस्याका कारण आम समुदायमा सहकारीप्रति नकरात्मक धारणा बनेको बताउनु भएको छ । राष्ट्रिय सहकारी बैंक बागलुङ शाखाले भदौ ९ गते बागलुङ बजारमा आयोजना गरेको सहकारी बैंकको सेवा र सहकारीका समसामयिक विषयक अन्तरक्रिया कार्यक्रमको उद्घाटन पछि बोल्दै उहाँले यस्तो बताउनु भएको हो ।

सहकारीले जनतालाई आर्थिक सामाजिक रुपमा सक्षम बनाउने काम गरेको छ, तर केही सहकारीले सहकारीको मूल्य, मान्यता, सिद्धान्त र ऐन नियम विपरित काम गरेका कारण समस्या आएको उहाँको भनाइ थियो । सहकारी सदस्य केन्द्रीत व्यवसाय हो, जुन सहकारीले सदस्यलाई प्राथमिकतामा राखेर काम गरेका छन्, ति सहकारीमा समस्या छैन, सांसद सापकोटाले भन्नुभयो, सहकारीका नाममा कमाउने धन्दा गर्ने सहकारीहरुका कारण सहकारी क्षेत्र समस्यामा परेको छ ।

कार्यक्रममा राष्ट्रिय सहकारी महासंघका सञ्चालक हुमा कुमारी जिसी (अञ्जु), नेफ्स्कुनका सञ्चालक चण्डी प्रसाद शर्मा, जिल्ला स्वास्थ्य सहकारी संघका अध्यक्ष सीता शर्मा लगायतले सहकारीमा पछिल्लो समय देखिएका समस्या समाधानका लागि समन्वय र सहकार्य आवश्यक रहेको बताउनु भएको थियो । बैंकका अध्यक्ष केबी उप्रेतीको अध्यक्षतामा भएको कार्यक्रममा बैंकका सञ्चालक राम बहादुर जिसीले बैंकको विगत, वर्तमान र आगामी योजनाका बारेमा सहजीकरण गर्नु भएको थियो । बैंकका शाखा प्रमुख युवराज त्रिपाठीको सञ्चालनमा सम्पन्न कार्यक्रममा बैंकका कर्मचारी नारायण पौडेल स्वागत गर्नु भएको थियो ।

राष्ट्रिय सहकारी बैंकमा आर्थिक वर्ष २०७७/०७८ मा उत्कृष्ट र नियमित कारोबार गर्ने जिल्ला वचत तथा ऋण सहकारी संघ र एकता सहकारी संस्थालाई सो अवसरमा सम्मानित गरिएको थियो ।

# 'गलकोटमा सहकारी बैंकको सेवा केन्द्र सञ्चालन गर्न माग'



ललितपुर । बागलुङको मध्यभाग गलकोटका सहकारीकर्मीहरुले गलकोट नगरपालिका, ताराखोला गाउँपालिका र बडिगाड गाउँपालिकालाई केन्द्रीत गरेर गलकोटमा राष्ट्रिय बैंकको शाखा वा सेवा केन्द्र सञ्चालन गर्न माग गरेका छन् । राष्ट्रिय सहकारी बैंक बागलुङ शाखाले भदौ ९ गते आयोजना गरेको कार्यक्रमका सहभागीहरुले सदरमुकाम भन्दा टाढा रहेको गलकोट क्षेत्रका सहकारीहरुलाई वित्तीय सहज र संस्थागत रुपमा सक्षम बनाउनका लागि सहकारी बैंकको शाखा आवश्यक रहेको बताएका हुन् । कार्यक्रममा प्रमुख अतिथि

गलकोट नगरपालिकाका प्रमुख भरत शर्मा गैरेले सहकारीहरुलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालनका लागि नगरपालिका र सहकारी अभियानबीच सहकार्य गरेर अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गर्नु भयो ।

उहाले गलकोट क्षेत्रका सहकारीहरुलाई सक्षम बनाउनका लागि आवश्यक प्रविधि र शिक्षा प्रदान गर्न समन्वय गर्ने तथा बैंकको शाखा तथा सेवा केन्द्र सञ्चालनका लागि सहयोग र सहकार्य गर्ने प्रतिवद्धता व्यक्त गर्नु भएको थियो । कार्यक्रममा राष्ट्रिय सहकारी महासंघका सञ्चालक हुमा कुमारी जिसी (अञ्जु), जिल्ला वचत तथा ऋण सहकारी संघ बागलुङका उपाध्यक्ष गणेश बहादुर खत्री, जिल्ला सहकारी संघका सञ्चालक शिवा खत्री, नेपाल पत्रकार महासंघ बागलुङका उपाध्यक्ष सरिता खत्री, सिएमसी बागलुङका अध्यक्ष दिपक राजभण्डारी लगायतले मन्तव्य व्यक्त गर्नु भएको थियो । बैंकका अध्यक्ष केबी उप्रेतीको अध्यक्षतामा भएको कार्यक्रममा बैंकका सञ्चालक राम बहादुर जिसीले बैंकको विगत, वर्तमान र आगामी योजनाका बारेमा सहजीकरण गर्नु भएको थियो । बैंकका शाखा प्रमुख युवराज त्रिपाठीको सञ्चालनमा सम्पन्न कार्यक्रममा सिएमसी बागलुङका सदस्य रविलाल शर्माले स्वागत गर्नु भएको थियो ।

यसैबीच गलकोटमा सहकारी बैकको शाखा तथा सेवाकेन्द्र सञ्चालनमा सहयोग गर्न उदेश्यले समन्वय उपसमिति गठन गरिएको छ। विरेन्द्र श्रेष्ठको संयोजकत्वमा ९ सदस्य समिति गठन गरिएको हो । समितिको सदस्यहरुमा शिवा खत्रि, गणेश खत्रि, हेमराज गैह्र, भगवती भण्डारी, गणेश चौहाल, होमनाथ अर्याल, हिरा बहादुर खड्का र छुम बहादुर थापा रहनु भएको छ ।

# सहकारी बैंकको प्राविधिक सहयोगमा चितवनमा कोपोमिस सम्बन्धी अभिमुखिकरण

ललितपुर । जिल्ला सहकारी संघ लिमिटेड चितवनको आयोजना तथा राष्ट्रिय सहकारी बैंक लिमिटेडको प्राविधिक सहयोगमा एक दिवसीय सहकारी संघ/संस्थाहरुको एकीकृत विद्युतीय व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) अभिमुखिकरण कार्यक्र सम्पन्न भएको छ ।

कार्यक्रमको शुभारम्भ गर्दै संघका वरिष्ठ उपाध्यक्ष भक्तिराम अधिकारीले जिल्ला सहकारी र सहकारी बैंकको सहकार्यमा सहकारी संघ/संस्थाहरुको विकास र प्रवर्द्धन र संचालक तथा कर्मचारीहरुको क्षमता विकास हुने बताउनु भयो । कार्यक्रममा संघका कोषाध्यक्ष शरद बर्तौला बैंकको भरतपुर शाखाका प्रमुख सन्तोष ढकाल लगायतले मन्तव्य राख्नुभएको थियो । भदौ ९ गते जिल्ला सहकारी संघ लिमिटेड चितवनको सभाहलमा भएको अभिमुखिकरण कार्यक्रममा जिल्लाभरका सहकारी संघ संस्थाहरुबाट ४५ जनाले सहभागीता जनाएका थिए । अभिमुखिकरण कार्यक्रमको सहजिकरण बैंकका सहायक तालिम अधिकृत राज कुमार बरालले गर्नुभएको थियो । जिल्ला सहकारी संघ लिमिटेडका व्यवस्थापक विनोद खतिवडाले संचालन गर्नुभएको कार्यक्रमको समापान संघका शिक्षा तथा तालिम उपसमितिका सदस्य नारायण प्रसाद अधिकारीले गर्नुभएको थियो ।

## सहकारीमा समन्वय, विश्वास र एकरुपता हुन आवश्यक : नगर प्रमुख नेपाली

ललितपुर । बागलुङको ढोरपाटन नगरपालिकाका नगर प्रमुख देवकुमार नेपालीले सहकारी संघ संस्थाहरूमा समन्वय, विश्वास र एकरूपता हुन आवश्यक रहेको बताउनुभयो ।

राष्ट्रिय सहकारी बैंक बागलुङ शाखाले मङ्गलवार पश्चिम बागलुङको बुर्तिबाङ बजारमा आयोजना गरेको सहकारी बैंकको सेवा र सहकारीका समसामयिक विषयक अन्तरक्रिया कार्यक्रमको उद्घाटन पछि बोल्दै उहाँले यस्तो बताउनु भएको हो । उहाँले पहिले-पहिले निजी बैंकहरूले कर्जा प्रवाह गर्दा ३६ प्रतिशतसम्म ब्याज असुल गरेको अवस्थामा सहकारी संस्थाहरू खुल्नथालेपछि जनताहरूलाई छिटो, छरिता र सहज तवरबाट कर्जा प्रपाह

हुन थाले पछि निजी बैंक बैंक तथा वित्तीय संस्थाहरूले कर्जाको ब्याज घटाएको बताउनु भयो । केही समय अघिदेखि बैंक तथा वित्तीय संस्थाहरूमा चरम तरलता अभाव भइरहेको अवस्थामा सहकारी क्षेत्रमा पर्याप्त तरलता रहेकोले सहकारीले सहकारी भित्रै कारोबार गर्दै सहकारी क्षेत्रलाई थप मजवुद बनाउनुपर्ने कुरा समेत बताउनुभयो। राष्ट्रिय सहकारी बैंक सहकारी संस्थाहरूको लागि महत्त्वपूर्ण रहेकोले ढोरपाटन नगरपालिकाले राष्ट्रिय सहकारी बैकसंग समन्वय गरि सहकारी संस्थाहरूको लागि आवश्यक विभिन्न तालिमका कार्यक्रमहरू सञ्चालन गर्न सकिने बताउनुभयो ।

कार्यक्रममा बैंकको बागलुङ शाखाका शाखा प्रमुख युवराज त्रिपाठीले कार्यक्रमको औचित्य माथि प्रकाश पार्दै सहकारी बैंकको सेवा, गतिविधि र वित्तीय विवरण बारे बैंकको प्रस्तुतीकरण गर्नुभएको थियो । सहभागीहरूले राष्ट्रिय सहकारी बैंकको सेवाबारे विभिन्न जिज्ञासा र सल्लाह सुझावहरू व्यक्त गरेका थिए । सो जिज्ञासाहरूको सम्बोधन राष्ट्रिय सहकारी बैंक बागलुङ शाखाका प्रमुख युवराज त्रिपाठीले गर्नुभएको थियो । साथै सहभागीले राष्ट्रिय सहकारी बैंकको शाखा बुर्तिवाङ बजारलाई केन्द्र बनाएर छिटो भन्दा छिटो यस क्षेत्रमा सञ्चालनमा ल्याउनु पर्ने सुझाव दिए ।

कार्यक्रममा बागलुङ जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेडका संचालक एवम् त्रिवेणी बचत तथा ऋण सहकारी संस्था बुर्तिवाङका अध्यक्ष उत्तम महतको अध्यक्षतामा सम्पन्न कार्यक्रममा को-अपरेटिभ म्यानेजर्स क्लव बागलुङका अध्यक्ष दिपक राजभण्डारी, सदस्य अर्जुन पोखेलले लगायतले मन्तव्य व्यक्त गर्नुभएको थियो ।

कार्यक्रमको सञ्चालन ढोरपाटन नगरपालिका सहकारी शाखाका प्रमुख हिरालाल खनालले गर्नु भएको थियो भने स्वागत मन्तव्य राष्ट्रिय सहकारी बैंक बागलुङ शाखाका प्रमुख युवराज त्रिपाठीले गर्नुभएको थियो । कार्यक्रममा ढोरपाटन नगरपालिका, निसिखोला गाउँपालिका .र तमानखोला गाउँपालिका.अन्तर्गत रहेका सहकारी संस्थाहरूको सहभागीता रहेको थियो ।

# तम्घासमा सहकारी बैंकको अन्तरक्रिया : बैंक सञ्चालनका लागि समन्वय उपसमिति गठन

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड बुटवल शाखाको आयोजनामा गुल्मीको तम्घासमा सहकारी बैंक र सदस्य संघ संस्थाहरुबीच अन्तरक्रिया कार्यक्रम मंगलवार सम्पन्न भएको छ ।

अन्तरक्रियामा बोल्दै बैंकका अध्यक्ष के.बी.उप्रेतीले सहकारी क्षेत्रलाई वित्तीय रुपमा सक्षम, संस्थागत रुपमा सुशासनयुक्त र प्रविधिमैत्री बनाउनका लागि सहकारी बैंकसंगको सहकार्यका लागि सहकारी संघ संस्थाहरुलाई आव्हान गर्नु भयो । कतिपय सहकारीहरु सहकारी ऐन नियमलाई वास्ता नगर्ने, माथिल्लो निकायमा आवद्ध नभई एक्लै हिड्न खोजेका कारण पछिल्लो समय सहकारीमा समस्या देखिएको छ, अध्यक्ष उप्रेतीले भन्नुभयो-'सजिलोमा एक्लै र मनपरी ढंगले सञ्चालन भएका सहकारीहरु अप्ठेरो परेपछि अभियान खोज्दै आएका छन् ।' सहकारीको रकम सहकारीमा राखौ भन्दा वास्ता नगर्ने, सहकारीमा वित्तीय समस्या आएपछि अभियानको साथ खोज्ने प्रवृतिमा सुधार आउन आवश्यक रहेको उहाँको भनाइ थियो । मुसीकोट नगरपालिकाका प्रमुख जीवन खरेलले ग्रामिण क्षेत्रका जनताको जीवनस्तर उकास्न वित्तीय तथा क्षमता विकासमा महत्वपूर्ण योगदान गरेको सहकारी क्षेत्रको प्रवर्द्धनका लागि नगरपालिका र अभियानबीच सहकार्य गरेर अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गर्नु भयो । कार्यक्रममा राष्ट्रिय सहकारी महासंघका सञ्चालक हुमा कुमारी जिसी (अञ्जु), राष्ट्रिय सहकारी बैंकका सञ्चालक तथा लुम्बिनी प्रदेशका संयोजक विजया धिताल, जिल्ला वचत तथा ऋण सहकारी संघ गुल्मीका अध्यक्ष श्याम कुमार पाण्डे, रेसुङ्गा नगरपालिकाका सहकारी शाखा प्रमुख शेर बहादुर कुँवर, रुरुक्षेत्र गाउँपालिकाका सहकारी शाखा प्रमुख दामोदर ज्ञवाली लगायतले मन्तव्य व्यक्त गर्नु भएको थियो ।

कार्यक्रममा बैंकको बुटवल शाखाका प्रमुख नारायण वेलवासेले बैंकको विगत, वर्तमान र आगामी योजनाका बारेमा सहजीकरण गर्नु भएको थियो । जिल्ला सहकारी संघ लिमिटेड गुल्मीका अध्यक्ष शेषकान्त

गौतमको अध्यक्षता, संघका उपाध्यक्ष यम बहादुर थापाको स्वागतमा सम्पन्न कार्यक्रमको सञ्चालन राष्ट्रिय सहकारी बैंकका सञ्चालक तथा गण्डकी प्रदेश संयोजक राम बहादुर जिसीले गर्नु भएको थियो । यसैबीच गुल्मीको तम्घासमा सहकारी बैंकको शाखा सञ्चालनका लागि आवश्यक संयोजन गर्नका लागि जिल्ला सहकारी संघका अध्यक्ष गौतमको संयोजकत्वमा समन्वय उपसमिति गठन गरिएको छ । समितिका सदस्यहरुमा यम बहादुर थापा, गुणनीधि शर्मा, तोय नारायण ज्ञवाली, गीता पाण्डे, श्याम पाण्डे र अर्जुन आचार्य रहनु भएको छ ।

# पाल्पाका सहकारीकर्मीहरूको माग : सामाजिक सुरक्षा भत्ता सहकारीमार्फत परिचालनमा दवाव दिऔं



ललितपुर । राज्यले जेष्ठ नागरिक र अपाङ्गता भएकाहरुलाई प्रदान गर्ने सामाजिक सुरक्षा भत्ता सहकारी मार्फत परिचालनका लागि राज्यलाई दवाव सिर्जना गर्न पाल्पाका सहकारीकर्मीहरुले सहकारी अभियानका अगुवाहरुलाई आग्रह गरेका छन् ।

राष्ट्रिय सहकारी बैंक लिमिटेड बुटवल शाखाको आयोजना तथा जिल्ला वचत तथा ऋण सहकारी संघ पाल्पाको समन्वयमा तानसेनमा भदौ ११ गते आयोजित अन्तरक्रिया कार्यक्रमका सहभागीहरुले सामाजिक सुरक्षा भत्ता सहकारीमार्फत परिचालनका लागि दवाव सिर्जना गर्नु पर्नेमा जोड दिएका छन् । संविधानमा सहकारीलाई अर्थतन्त्रको तीन खम्बा मान्ने तर व्यवहारमा सहकारीलाई कहि कतै सम्बोधन नगर्ने राज्यको व्यवहारमा परिवर्तन आवश्यक छ, सहकारीकर्मीहरुले भने-'गाउँका जेष्ठ नागरिक लगायत अपाङ्गता भएकाहरुलाई सामाजिक सुरक्षा भत्ताका लागि सदरमुकाम धाउनु पर्ने अवस्थाको अन्त्यका लागि सहकारीहरुमार्फत सामाजिक सुरक्षा भत्ता प्रदान गर्ने व्यवस्था आवश्यक छ ।'

सहकारी अभियानमा देखिएका कमी कमजोरी सुधार गर्न, सुधारका लागि सुझाव दिदा पनि कार्यान्वयन नगर्ने सहकारीलाई कार्वाही गर्न तथा सहकारीलाई राज्यले सञ्चालन गर्ने वित्तीय कारोबार सहभागी गराउन सहकारीकर्मीहरुको माग थियो ।

अन्तरक्रिया कार्यक्रममा प्रमुख अतिथि तानसेन नगरपालिकाका प्रमुख सन्तोषलाल श्रेष्ठले स्थानीय तहको समग्र विकासका लागि सहकारीहरु साझेदार निकाय भएकाले सहकारीको प्रवर्द्धन र विकासमा नगरपालिकाले योजनावद्ध रुपमा सहकार्य गर्दै आएको बताउनुभयो ।

सहकारीहरुले सञ्चालन गर्दै आएका सदस्य केन्द्रीत सेवाहरुलाई थप प्रभावकारी बनाउन नीतिगत तथा व्यवसायिक रुपमा सहकार्य गर्दै स्थानीय सरकारको कामलाई प्रभावकारी बनाउन सहकारीहरुलाई साझेदारका रुपमा अगाडि बढाइएको बताउनुभयो ।

बैंकका अध्यक्ष के.बी. उप्रेतीले सहकारीहरुलाई वित्तीय रुपमा सक्षम, कानुनी रुपमा सुशासनयुक्त, सामाजिक रुपमा उच्च छवि कायम गर्न सक्ने र व्यवहारिक रुपमा सहकारी मैत्री बनाउन सहकारी बैंकले वित्तीय कारोवार, संस्थागत सुशासन, बहस पैरवी र प्रविधि लगायतका सेवा सञ्चालन गर्दै आएको बताउनुभयो ।

कार्यक्रममा राष्ट्रिय सहकारी महासंघका सञ्चालक हुमा कुमारी जिसी (अञ्जु), राष्ट्रिय सहकारी बैंकका सञ्चालक तथा लुम्बिनी प्रदेशका संयोजक विजया धिताल, तानसेन नगरपालिकाका सहकारी शाखा प्रमुख दुर्गा थापा, बगनाशकाली गाउँपालिका सहकारी शाखाका प्रमुख यादव न्यौपाने, तानसेन नगरपालिका सहकारी सञ्जालका संयोजक महेश्वर पन्त लगायतले मन्तव्य व्यक्त गर्नु भएको थियो ।

कार्यक्रममा बैंकको बुटवल शाखाका प्रमुख नारायण वेलवासेले बैंकको विगत, वर्तमान र आगामी योजनाका बारेमा सहजीकरण गर्नु भएको थियो । बैंकका अध्यक्ष के.बी.उप्रेतीको अध्यक्षता, बैंकका सञ्चालक तथा गण्डकी प्रदेशका संयोजक राम बहादुर जिसीको सञ्चालनमा सम्पन्न कार्यक्रममा स्वागत मन्तव्य जिल्ला वचत तथा ऋण सहकारी संघ पाल्पाका अध्यक्ष जगदिश भट्टराईले गर्नु भएको थियो ।

# सहकारी क्षेत्रको समस्या समाधान गर्न अभियान एकतावद्ध हुनुपर्नेमा भक्तपुरका सहकारीकर्मीको जोड

ललितपुर । पछिल्लो समय सहकारी क्षेत्रमा देखिएका समस्याहरुको समाधानका लागि समग्र सहकारी अभियान एकतावद्ध हुनु पर्नेमा भक्तपुरका सहकारीकर्मीहरुले जोड दिएका छन् ।




राष्ट्रिय सहकारी बैंक लिमिटेड सुर्यविनायक शाखाले बुधबार भक्तपुरमा आयोजना गरेको “सहकारी संस्थाहरुको वर्तमान अवस्था, चुनौती र समाधानका उपायहरु विषयक अन्तरक्रिया तथा छलफल” कार्यक्रमका सहभागीहरुले सहकारीको रकम अन्यत्र राख्ने, अप्ठेरो पर्दा अभियान खोज्ने प्रवृतिमा सुधार आवश्यक रहेको बताएका छन् । राष्ट्रिय सहकारी बैंकका सञ्चालक एवम् कार्यक्रमका प्रमुख अतिथि ज्ञान बहादुर तामाङ्गले सहकारीको कारोवार सहकारी बैंकमा केन्द्रीत हुनुपर्ने बताउनु भयो । उहाँले सहकारीको मुल मर्मलाई आत्मसाथ गर्दै अहिलेको विषम परिस्थितिमा सदस्य भेटघाट सम्पर्क समन्वय मार्फत सहकारीको अवस्थाबारे जानकारी गराउदैं सहकारी प्रति विश्वास दिलाउनु पर्ने भन्दै आ-आफ्नो संस्थाको अवस्थालाई विश्लेषण गरि सदस्य सेवामा केन्द्रीत हुन संस्थाहरुलाई आग्रह गर्नुभयो ।

कार्यक्रममा बागमति प्रदेश सहकारी संघका सचिव देवराज पराजुली, जिल्ला सहकारी संघ लिमिटेड भक्तपुरका अध्यक्ष केदार खड्का, जिल्ला बहुउद्देश्यीय सहकारी संघ भक्तपुरका अध्यक्ष रुद्र बहादुर खड्का, सुर्यविनायक नगरपालिका सहकारी विभागका प्रमुख राजेन्द्र कुमार श्रेष्ठल लगायतले सहकारी ऐन, नियम तथा कानुनको परिपालन र सुशासन कायम गर्दै विषम परिस्थितिमा सहकारीको साख जोगाउन संस्थाका प्रतिनिधिहरुलाई अनुरोध गर्नुभयो ।

कार्यक्रममा बैंकको व्यवसाय प्रवर्द्धन विभागका प्रमुख मधु रायमाझीले बैंकको विगत, वर्तमान र आगामी योजनाका विषयमा सहजीकरण गर्नु भएको थियो । बैंकको सुर्यविनायक शाखाका प्रमुख दिनेश गेलालको सञ्चालनमा सम्पन्न कार्यक्रममा बैंकका कर्मचारी सुजिता नापितले गर्नु भएको थियो

# स्याङ्जाका सहकारीकर्मीहरुको सुझाव : ‘सहकारीको रकम सहकारीमै राखौं’

ललितपुर । स्याङ्जाका सहकारीकर्मीहरुले सहकारी क्षेत्रको रकम सहकारी क्षेत्रकै राष्ट्रिय सहकारी बैंक तथा अन्य संघहरुमा राख्न सुझाव दिएका छन् । सहकारीको रकम सहकारी भन्दा बाहिर गएका कारण सहकारीमा समस्या देखिएको भन्दै उनीहरुले सहकारीको रकम सहकारीमै राख्न सुझाव दिएका हुन् । राष्ट्रिय सहकारी बैंक लिमिटेड वालिङ शाखाले बिहीवार वालिङमा आयोजना गरेको अन्तरक्रिया कार्यक्रमका सहभागीहरुले यस्तो सुझाव

दिएका हुन । सहकारीमा रहेको पूँजि, प्रविधि लगायतको स्रोतलाई अधिकतम परिचालन मार्फत समुदायको हितमा काम गर्न सहकारीहरुको संस्थागत विकास र प्रविधिको अधिकतम उपयोगमा ध्यान दिनु पर्नेमा सहभागीहरुले जोड दिएका थिए । कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका अध्यक्ष के.बी.उप्रेतीले सदस्यहरुमार्फत समुदायको आर्थिक तथा सामाजिक रुपान्तरणमा थप भूमिका निर्वाह गर्ने गरी सहकारीहरुको संस्थागत विकास र वित्तीय सक्षमता बढाउनु पर्नेमा जोड दिनुभएको छ ।

सहकारी क्षेत्रलाई राम्रो बनाउदा जनताको आर्थिक तथा सामाजिक उन्नतीमा सहयोग पुग्नुका साथै राज्यको आर्थिक भार घटाउनमा समेत महत्वपूर्ण भूमिका हुने




भएकाले राज्यका निकायहरु, मिडिया

लगायत सरोकारवालाहरुले यसको प्रवर्द्धनमा सहयोग पुग्ने गरी धारणा तथा सञ्चार सामग्री प्रशारण गर्नु पर्नेमा उहाँले जोड दिनुभयो ।

कार्यक्रममा वालिङ नगरपालिकाका उपप्रमुख कविता गैरेले सहकारी क्षेत्रको सवलीकरणका लागि राष्ट्रिय सहकारी बैंक र स्थानीय तहको सहकारी शाखाबीच समन्वय आवश्यक रहेको बताउनुभयो । उहाँले सहकारी बैंकसंग सहकार्य गरेर सहकारीको प्रवर्द्धन र विकासमा योगदान गर्न वालिङ नगरपालिकाले समन्वय र सहकार्य गरेर अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गर्नु भयो ।

कार्यक्रममा राष्ट्रिय सहकारी महासंघका सञ्चालक हुमा कुमारी जिसी (अञ्जु), जिल्ला सहकारी संघ स्याङ्जाका अध्यक्ष लक्ष्मीपति पौडेल लगायतले सहकारी क्षेत्रमा भएको रकम सहकारी क्षेत्रको सहकारी बैंक र सहकारीकै संघहरुमा राख्नु पर्नेमा जाड दिनु भएको थियो ।

कार्यक्रममा बैंकका सञ्चालक तथा गण्डकी प्रदेशका संयोजक राम बहादुर जिसीले बैंकको विगत, वर्तमान र आगामी योजनाका बारेमा सहजीकरण गर्नु भएको थियो । बैंकको वालिङ शाखा समन्वय उपसमितिका संयोजक पूण्य अर्यालको अध्यक्षता, राष्ट्रिय सहकारी बैंकका सञ्चालक तथा लुम्बिनी प्रदेशका संयोजक विजया धितालको सञ्चालन र वालिङ शाखाका प्रमुख टिकाराम अधिकारीको स्वागतमा सम्पन्न भएको थियो ।

## स्थानीय तहको समृद्धिको आधार सहकारी हो, समन्वय गरौ : नगरप्रमुख रेग्मी

ललितपुर । स्याङ्जाको पुतलीबजार नगरपालिकाका प्रमुख तुलसीराम रेग्मीले स्थानीय तहको समृद्धिको आधार सहकारी क्षेत्र भएकाले सहकारी अभियान र स्थानीय तहबीच समन्वय र सहकार्य हुनु पर्नेमा जोड दिनुभएको छ ।

राष्ट्रिय सहकारी बैंक लिमिटेड पुतलीबजार शाखाले बिहीवार पुतलीबजारमा भदौ ९ गते आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा बोल्दै नगर प्रमुख रेग्मीले यस्तो बताउनु भएको हो । ग्रामिण क्षेत्रमा रहेका जनताको उत्पादन बढाउने, उत्पादित वस्तुको संकलन र बजारीकरणका लागि स्थानीय तह र सहकारीहरुबीचको सहकार्यमा जोड दिदै उहाँले सहकारीको पूँजि र प्रविधिलाई जनताको आयआर्जनमा लगाउन उहाँले सुझाव दिनुभयो । कार्यक्रममा बिरुवा गाउँपालिकाका अध्यक्ष सूर्य कुँवरले दुर्गम क्षेत्रमा बस्ने जनताको वित्तीय पहुँचको क्षेत्र सहकारी भएकाले सहकारीको सञ्चालन प्रक्रियालाई थप व्यवस्थित गराउदै सेवा सुविधालाई प्रविधिमैत्री र सदस्य केन्द्रीत बनाउनु पर्नेमा जोड दिनुभयो । कार्यक्रममा राष्ट्रिय

सहकारी महासंघका सञ्चालक हुमा कुमारी जिसी (अञ्जु), जिल्ला वचत तथा ऋण सहकारी संघ स्याङ्जाका अध्यक्ष रविन्द्र प्रसाद श्रेष्ठ, जिल्ला कफि सहकारी संघका अध्यक्ष फनिनारायण अर्याल, जिल्ला सहकारी संघ स्याङ्जाका कोषाध्यक्ष शिव वाग्ले, जिल्ला वचत तथा ऋण सहकारी संघका पूर्व अध्यक्ष अनन्त कुमार श्रेष्ठ, पुतलीबजार नगरपालिका सहकारी शाखाका प्रमुख विष्णुप्रसाद भुषाल, आधिखोला गाउँपालिकाका सहकारी शाखाका प्रमुख कृष्णप्रसाद पोखरेल लगायतले मन्तव्य व्यक्त गर्नु भएको थियो ।

कार्यक्रममा बैंकका सञ्चालक तथा गण्डकी प्रदेशका संयोजक राम बहादुर जिसीले बैंकको विगत, वर्तमान र आगामी योजनाका बारेमा सहजीकरण गर्नु भएको थियो ।

बैंकका अध्यक्ष के.बी उप्रेतीको अध्यक्षता राष्ट्रिय सहकारी बैंकका सञ्चालक तथा लुम्बिनी प्रदेशका संयोजक विजया धितालको सञ्चालन र पुतली बजार शाखाका प्रमुख पुष्पा क्षेत्रीको स्वागतमा सम्पन्न भएको थियो ।

## पर्वतमा सहकारी बैंकको प्राविधिक सहयोगमा कोपोमिस तथा सहकारी व्यवस्थापन तालिम

ललितपुर । पर्वतको जलजला गाउँपालिकाको व्यवस्थापन तथा राष्ट्रिय सहकारी बैंक लिमिटेडको प्राविधिक सहयोगमा दुई दिवसीय सहकारी संघ/संस्थाहरुको एकीकृत विद्युतीय व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा सहकारी व्यवस्थापन तालिम सम्पन्न भएको छ ।

बिहिबार सम्पन्न भएको कार्यक्रममा गाउँपालिका क्षेत्रभित्रका २५ जना सहकारीकर्मीहरुको सहभागिता रहेको थियो । कोपोमिस प्रणालीमा सहकारी संस्थाको तथ्याङ प्रविष्टि र सहकारी व्यवस्थापनका विषयमा बैंकका सहायक तालिम अधिकृत राज कुमार बरालले सहजीकरण गर्नुभएको कार्यक्रमको बैंकका बागलुङ शाखाका प्रमुख युवराज त्रिपाठीले संचालन गर्नुभएको थियो ।

# विपन्न वर्गका जनतालाई मध्यम वर्गमा रूपान्तरण गर्ने काम सहकारीले गरेको छ : नगरप्रमुख पण्डित

ललितपुर । तनहुँको शुक्लागण्डकी नगरपालिकाका प्रमुख कृष्णराज पण्डितले विपन्न वर्गका जनतालाई उद्यमशिलतामार्फत मध्यम वर्गका रुपान्तरण गर्ने काममा सहकारीहरुको भूमिका प्रभावकारी बन्दै गएको बताउनु भएको छ ।

राष्ट्रिय सहकारी बैंक लिमिटेड दमौली शाखाले भदौ १० गते शुक्लागण्डकी नगरपालिकाको दुलेगौडामा आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा बोल्दै नगर प्रमुख पण्डितले यस्तो बताउनु भएको हो ।

दुर्गम देखि सुगम क्षेत्रमा बस्ने आफ्ना सदस्यहरुलाई आयआर्जन गर्न, उद्यमशिलताको विकास गर्न तथा उनीहरुलाई करयोग्य नागरिक निर्माण गर्न सहकारीहरुको महत्वपूर्ण भएको रहेको चर्चा गर्दै उहाँले सहकारीहरुको प्रवर्द्धनका लागि राज्यले नीति निर्माणमा ध्यान दिनु पर्नेमा जोड दिनुभयो ।

संविधानको भावना अनुसार मुलुकलाई समाजवाद उन्मुख अर्थतन्त्रतर्फ अग्रसर गराउनका लागि एउटा महत्वपूर्ण आधार सहकारी नै हो, यसको प्रवर्द्धनका लागि राज्यले ऐन कानुनमा सहजता ल्याउन जरुरी छ । यसको प्रवर्द्धनका लागि राज्यको भूमिका प्रभावकारी नभएको उहाँको भनाइ थियो ।

शुक्लागण्डकी नगरपालिकाको आगामी योजनामा सहकारीको प्रवर्द्धनमा योगदान गर्ने तरिकाले कार्यक्रमहरु अगाडि बढाउने प्रतिवद्धता समेत उहाँले व्यक्त गर्नु भयो । कार्यक्रममा राष्ट्रिय सहकारी महासंघका सञ्चालक हुमा कुमारी जिसी (अञ्जु), राष्ट्रिय सहकारी बैंकका सञ्चालक तथा लुम्बिनी प्रदेशका संयोजक विजया धिताल, राष्ट्रिय सहकारी बैंक दमौली शाखा समन्वय उपसमितिका सदस्य तथा शुक्लागण्डकी नगरपालिका वडा नं. ४ का वडा अध्यक्ष राजकुमार वाग्ले लगायतले मन्तव्य व्यक्त गर्नु भएको थियो । कार्यक्रममा बैंकका सञ्चालक तथा गण्डकी प्रदेशका संयोजक राम बहादुर जिसीले बैंकको

विगत, वर्तमान र आगामी योजनाका बारेमा सहजीकरण गर्नु भएको थियो ।

बैंकका अध्यक्ष के.बी उप्रेतीको अध्यक्षता, बैंकको दमौली शाखा समन्वय उपसमितिका संयोजक तथा केन्द्रीय दुग्ध उत्पादक सहकारी संघका वरिष्ठ उपाध्यक्ष अमर बहादुर कुँवरको स्वागत र दमौली शाखाका प्रमुख उपेन्द्र दाहालको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।

# सहकारी बैंकको स्तरीकरण कार्यक्रममा सहभागी बागमती प्रदेशका संस्थाहरूबीच समिक्षा गोष्ठी

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडले सञ्चालन गरेको सहकारी संस्थाहरुको स्तरीकरण कार्यक्रम अन्तर्गत बागमती प्रदेशका जिल्लाहरुमा आवद्ध सहकारी संस्थाहरु बीच “केयर समिक्षा” कार्यक्रम सम्पन्न भएको छ ।

केयर कार्यक्रममा आवद्ध हिलटप जुनार बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड काठमाडौको आयोजना तथा राष्ट्रिय सहकारी बैंकको प्राविधिक सहयोगमा भदौ १२ गते कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा बैंकको केयर कार्यक्रममा आवद्ध ७ वटा संस्थाहरुको वित्तीय अवस्था, सुशासन र आन्तरिक व्यवस्थापन लगायतका विषयमा छलफल तथा अन्तरक्रिया भएको थियो ।

सहकारीहरुलाई थप व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि रणनीतिक योजना निर्माण गर्ने, संस्थागत पूँजि वृद्धिको योजना बनाउने, सञ्चालक समिति र उप-समितिका पदाधिकारी तथा सदस्यहरु र कर्मचारीहरुको क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने, तरलता व्यवस्थापन लगायतका विषयमा ध्यान दिनु पर्नेमा जोड दिइएको छ ।

कार्यक्रमको उद्घाटन गर्दै बैंकका संचालक एवम् व्यवसाय प्रवर्द्धन स्तरिकरण तथा एकिकरण उपसमितिका संयोजक केदार मानन्धरले केयर कार्यक्रमले संस्थाको विकास र प्रवर्द्धनमा सहयोग पुग्ने बताउनु भयो ।

उहाँले “कार्यक्रममा आवद्ध सहकारी संस्थाको संस्थागत विकास तथा स्तरोन्नतीका लागि संस्थाको विनियम अद्यावधिक, कार्यविधिहरु निर्माण एवम् अद्यावधिक योजना निर्माण एवम् समीक्षा, नेतृत्व व्यवस्थापनको दक्षता अभिवृद्धी, आन्तरिक नियन्त्रण प्रणाली, सुशासन लगायत गैर-वित्तीय पक्ष एवम् वित्तीय व्यवस्थापन तथा स्वस्थता कायम गर्न आवश्यक प्राविधिक सहयोग उपलव्ध हुने भएकोले पनि यो कार्यक्रमले सहकारी संस्थाहरुलाई फाईदा हुने उल्लेख गर्नु भयो” ।

सहकारी संस्थाहरुको संचालनलाई थप व्यवस्थित गरी गुणात्मक सुधार मार्फत सहकारी अभियानको उच्च छवि निर्माणमा पनि यस कार्यक्रमले प्रत्यक्ष सहयोग गर्ने बताउनु भयो ।

केयर कार्यक्रममा आवद्ध सहकारी संस्थाहरुको तर्फबाट आ-आफ्नो संस्थाको प्रगती विवरण प्रस्तुत गर्दै सहकारीलाई सुरक्षित रुपमा सञ्चालनका लागि आवश्यक नीति तथा कार्यविधिहरु निर्माण गर्ने, सुशासन कायम राख्न, वित्तीय रुपमा सक्षम बनाउन तथा समग्रमा सहकारीको स्वास्थ्य अवस्था सुधार गर्नका लागि सहकारी बैंकले सञ्चालन गरेको स्तरीकरण कार्यक्रम प्रभावकारी भएको बताएका छन् ।

स्तरीकरण कार्यक्रममा सहभागी भएपछि बैंकको तर्फबाट वर्षमा ३ पटक संस्थागत रुपमा अनुगमन निरीक्षण गरी सुझाव दिने र सुझावहरु कार्यान्वयन गर्दै जादा संस्थालाई धेरै व्यवस्थित गराउन सहज भएको बताएका हुन ।

कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका बरिष्ठ प्रबन्धक रामबाबु आचार्य, स्तरीकरण विभागका अधिकृत सुर्य प्रसाद रिमाल र नवकुमार अधिकारीले सहजीकरण गर्नु भएको थियो । उहाँहरुले संस्थाहरुको अवस्थाको बारेमा जानकारी गराउदै सुधारका लागि आवश्यक सुझावहरु समेत दिनु भएको थियो । समिक्षात्मक गोष्ठी कार्यक्रमले १३ बुँदे निश्कर्ष समेत निकालेको छ । संस्थाले जोखिममा रहेको ऋणको आधारमा ऋण सुरक्षणको व्यवस्था गर्ने, प्रत्येक संस्थाले अर्धवार्षिक समिक्षा बैठक गर्ने, यस वर्ष कम्तिमा १५ प्रतिशत सदस्यहरुलाई सहकारी शिक्षा प्रदान गर्ने, संस्थाका सवै कर्मचारीहरुलाई कार्य विवरण प्रदान गर्ने र असार मसान्त पछि सबै कर्मचारीहरुको वार्षिक कार्यसम्पादन मुल्याङ्कन गर्ने लगायतको रहेका छन् ।

कार्यक्रम आयोजक संस्था हिलटप जुनार बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका अध्यक्ष बासुदेव घिमिरेको अध्यक्षतामा भएको थियो ।

स्तरीकरण कार्यक्रम अन्तर्गत "केयर समिक्षा" कार्यक्रममा बागमति प्रदेशको हिलटप जुनार बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड सहित हेलो बचत तथा ऋणसहकारी संस्था लिमिटेड ललितपुर, चाईना ट्रेड बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड काठमाडौं, पालुङ बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड मकवानपुर, सर्वशक्ति बचत तथा ऋण सहकारी संस्था लिमिटेड चितवन, तपाई हाम्रो बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड काठमाडौं र मंगलदिप बचत तथा ऋणसहकारी संस्था लिमिटेड ललितपुर रहेका छन् ।

# एशियाली ऋण महासंघ (अक्कू) पाँच सदस्य नयाँ सञ्चालक समिति



ललितपुर । एशियाली ऋण महासंघ (अक्कू) को ४१ औं साधारण सभाबाट योनसुक किमको अध्यक्षतामा पाँच सदस्य सञ्चालक समिति चयन भएका छन् ।

थाइल्यान्डको बैंककमा आज सम्पन्न साधारण सभाले आगामी दुई वर्षे कार्यकालका लागि किमको अध्यक्षतामा नयाँ नेतृत्व चयन गरेको हो । दोस्रो पटक अध्यक्षमा चयन भएका किमले राष्ट्रिय ऋण महासंघ कोरियाबाट प्रतिनिधित्व गर्नु भएको छ । अक्कुको प्रथम उपाध्यक्षमा डा. वीरा वोंगसान (थाइल्यान्ड), दोस्रो उपाध्यक्ष ली चुन-फेन, कुलेरोक, (ताइवान रक), सचिवमा निकोलस एम भ्यालेन्टाइन (फिलिपिन्स) र कोषाध्यक्षमा भारतका ओमप्रकाश कोयटे निर्वाचित हुनु भएको छ । नवनिर्वाचित सञ्चालक समितिले आजै शपथ ग्रहण गरेका छन् ।

अक्कूका अध्यक्ष योनसुक किमको अध्यक्षतामा भएको सभाले वार्षिक प्रतिवेदन तथा लेखापरिक्षण प्रतिवेदन पारित गरेको छ । अकूकी प्रमुख कार्यकारी अधिकृत एलेनिता भी स्यान रोकी (लेनी) ले व्यवस्थापनको प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

यस अघि अगस्ट २९ देखि एसियाली क्रेडिट युनियनहरूको फोरम २०२२ भएको थियो । फोरममा राष्ट्रिय सहकारी बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईले नेपालको सहकारी अभियानको तर्फबाट Nepal ExperienceM Regulatory Governance for Development and Growth विषयक कार्यपत्र प्रस्तुत गर्नु थियो । फोरमको पहिलो दिन Credit UnionÚs Financial StabilityM Planning for Disruptions and Learning from the Crisis सम्बन्धी सेसनमा Moderator को भुमिका निर्वाह गर्नु भएको थियो ।

फोरममा नेपाल सहित अस्ट्रेलिया बङ्गलादेश, इन्डोनेसिया, भारत, जापान लगायत १६ देशका ३३५ जना सहकारी अभियानकर्मीहरू सहभागी भएका थिए । सभामा राष्ट्रिय सहकारी बैंक लिमिटेडको तर्फबाट अध्यक्ष के.बी. उप्रेती, नि-वर्तमान अध्यक्ष रमेश प्रसाद पोखरेल, संचालक शिवा थापा, र प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाई सहभागी हुनुहुन्थ्यो । यसैबिच सन् २०२३ मा हुने एसियाली क्रेडिट युनियनहरूको फोरम नेपालमा गर्ने निर्णय भएको बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईले बताउनु भयो ।

# सहकारी बैंकको स्तरीकरण कार्यक्रममा सहभागी सुनसरीका संस्थाहरूबीच समिक्षा गोष्ठी सम्पन्न

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडले सञ्चालन गरेको सहकारी संस्थाहरुको स्तरीकरण कार्यक्रम अन्तर्गत सुनसरी जिल्लामा आवद्व सहकारी संस्थाहरु बीच "केयर समिक्षा" कार्यक्रम सम्पन्न भएको छ ।

केयर कार्यक्रममा आवद्व फोरवार्ड बचत तथा ऋण सहकारी संस्था लिमिटेड सुनसरीको आयोजना तथा राष्ट्रिय सहकारी बैंकको प्राविधिक सहयोगमा मंगलबार कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा बैंकको केयर कार्यक्रममा आवद्व संस्थाहरुको वित्तीय अवस्था, सुशासन र आन्तरिक व्यवस्थापन लगायतका विषयमा छलफल तथा अन्तरक्रिया भएको थियो ।

कार्यक्रमको उद्घाटन गर्दै राष्ट्रिय सहकारी महासंघका उपाध्यक्ष एवम् बैंकका नि-वर्तमान अध्यक्ष रमेश प्रसाद पोखरेलले केयर कार्यक्रमले संस्थाको विकास र प्रवर्द्धनमा सहयोग पुग्ने बताउनु भयो । उहाँले "कार्यक्रममा आवद्ध सहकारी संस्थाको संस्थागत विकास तथा स्तरोन्नतीका लागि संस्थाको विनियम अद्यावधिक, कार्यविधिहरु निर्माण एवम् अद्यावधिक योजना निर्माण एवम् समीक्षा, नेतृत्व व्यवस्थापनको दक्षता अभिवृद्धी, आन्तरिक नियन्त्रण प्रणाली, सुशासन लगायत गैर-वित्तीय पक्ष एवम् वित्तीय व्यवस्थापन तथा स्वस्थता कायम गर्न आवश्यक प्राविधिक सहयोग उपलव्ध हुने भएकोले पनि यो कार्यक्रमले सहकारी संस्थाहरुलाई फाईदा हुने उल्लेख गर्नु भयो" । सहकारी संस्थाहरुको संचालनलाई थप व्यवस्थित गरी गुणात्मक सुधार मार्फत सहकारी अभियानको उच्च छवि निर्माणमा पनि यस कार्यक्रमले प्रत्यक्ष सहयोग गर्ने बताउनु भयो ।

केयर कार्यक्रममा सहभागि सहकारी संस्थाहरुको तर्फबाट आ-आफ्नो संस्थाको प्रगती विवरण प्रस्तुत गर्दै सहकारीलाई सुरक्षित रुपमा सञ्चालनका लागि आवश्यक नीति तथा कार्यविधिहरु निर्माण गर्न, सुशासन कायम राख्न, वित्तीय रुपमा सक्षम बनाउन तथा समग्रमा सहकारीको स्वास्थ्य अवस्था सुधार गर्नका लागि सहकारी बैंकले सञ्चालन गरेको स्तरीकरण कार्यक्रम प्रभावकारी भएको बताएका छन् ।

स्तरीकरण कार्यक्रममा सहभागी भएपछि बैंकको तर्फबाट वर्षमा ३ पटक संस्थागत रुपमा अनुगमन निरीक्षण गरी सुझाव दिने र सुझावहरु कार्यान्वयन गर्दै जादा संस्थालाई धेरै व्यवस्थित गराउन सहज भएको बताएका हुन ।

कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका बरिष्ठ प्रबन्धक रामबाबु आचार्य र स्तरीकरण विभागका अधिकृत सुर्य प्रसाद रिमालले सहजीकरण गर्नु भएको थियो । उहाँहरुले संस्थाहरुको अवस्थाको बारेमा जानकारी गराउदै सुधारका लागि आवश्यक सुझावहरु समेत दिनु भएको थियो ।

समिक्षात्मक गोष्ठी कार्यक्रमले ९ बुँदे निश्कर्ष समेत निकालेको छ । संस्थाले जोखिममा रहेको ऋणको आधारमा ऋण सुरक्षणको व्यवस्था गर्ने, प्रत्येक संस्थाले अर्धवार्षिक समिक्षा वैठक गर्ने, संस्थाका सवै कर्मचारीहरुलाई कार्य विवरण प्रदान गर्ने लगायत रहेका छन् । कार्यक्रम आयोजक संस्था फरवार्ड बचत तथा ऋण सहकारी संस्था लिमिटेडका उपाध्यक्ष कमल सिंह राजवंशीको अध्यक्ष तथा सञ्चालक सदस्य लक्ष्मीकृष्ण श्रेष्ठको संचालनमा भएको थियो ।

# सहकारीमा कर विषयक अभिमुखीकरण कार्यक्रम सिराहामा सम्पन्न

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड लहान शाखाको आयोजना तथा आन्तरीक राजश्व कार्यालय लहान, सिराहाको प्राविधिक सहयोगमा सहकारीमा कर विषयक एक दिने कर सम्बन्धी अभिमुखीकरण कार्यक्रम भदौ २२ सम्पन्न भएको छ ।

कार्यक्रममा आन्तरीक राजस्व कार्यालय लहानका कर अधिकृतहरु शंकर श्रेष्ठ र प्रमोद कुमार साहले कर सम्बन्धमा सहजीकरण गर्नु भएको थियो ।

उहाँहरुले सहकारी क्षेत्रलाई राज्यले उच्च प्राथमिकता दिएकोले सहकारी व्यवसायलाई प्रभावकारी बनाउँदै राज्यको नीति अनुसार राजस्व भुक्तान गर्न सुझाव दिनुभयो । सही तरिकाले राजस्व भुक्तान नगर्ने सहकारी मात्रै होइन सम्पूर्ण व्यवसायीलाई कर कार्यालयले कानुनी दायरामा ल्याउने भन्दै उहाँले यतिबेला स्वेच्छिक करको व्यवस्था गरिएको बताउनुभयो ।

कार्यक्रम राष्ट्रिय सहकारी बैंक लहान शाखा समन्वय उपसमितिका संयोजक संजय कुमार महतोको अध्यक्षता र शाखा प्रमुख समिर श्रेष्ठको सञ्चालनमा सम्पन्न भएको थियो। कार्यक्रममा सिराहा र उदयपुर जिल्लाका विभिन्न सहकारी संघ संस्थाका सञ्चालक, प्रवन्धक सहित ५० जनाको सहभागिता रहेको थियो।

## मोरङको हातेमालो बहुउद्देश्यीय सहकारी संस्था बैंकको स्तरीकरण कार्यक्रममा आवद्ध

ललितपुर । मोरङको हातेमालो बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड राष्ट्रिय सहकारी बैंकले संचालन गरेको सहकारी क्षेत्रको गुणात्मक सुधारका लागि सहकारी स्तरीकरण कार्यक्रम अन्तर्गत "केयर" मा आवद्ध भएको छ।



बुधबार राष्ट्रिय सहकारी बैंकको तर्फबाट बरिष्ठ प्रबन्धक रामबाबु आचार्य र संस्थाका अध्यक्ष अर्जुन बस्नेत बीच स्तरीकरण कार्यक्रम केयरमा आवद्ध भएको सम्झौतापत्रमा हस्ताक्षर गर्नुभएको छ।

सहकारी संस्थाको सञ्चालनलाई थप व्यवस्थित एवं प्रभावकारी बनाई, गुणस्तरीय सुनिश्चितता कायम गरी सहकारी संस्था एवम् अभियानको उच्च छवि निर्माण गर्ने उद्देश्यका साथ बैंकले सुरु गरेको स्तरीकरण कार्यक्रम अन्तर्गत केयर कार्यक्रमले सहकारी संस्थाको स्तर पहिचान, स्तर मापन एवम् स्तरोन्नतिका लागि विभिन्न कार्य गर्ने गर्दछ। सहकारी संस्थाको प्रकृति अनुसार बचत तथा ऋण सहकारी र बचत तथा ऋण बाहेकका सहकारी संस्थाहरूका लागि छुट्टाछुट्टै सूचकाङ्कहरू विकास गरिएको र सूचकाङ्कहरूको आधारमा संस्थाको स्तर मापन गरी सोही मापनको परिणामका आधारमा संस्थाको स्तरोन्नतिमा आवश्यक प्राविधिक सहयोग गर्ने बैंकले जनाएको छ।

स्तरीकरण कार्यक्रम केयर सम्झौतामा हस्ताक्षरपछि बोल्दै संस्थाका अध्यक्ष अर्जुन बस्नेतले "सहकारीलाई सुरक्षित रुपमा सञ्चालनका लागि आवश्यक नीति तथा कार्यविधिहरु निर्माण गर्न, सुशासन कायम राख्न, वित्तीय रुपमा सक्षम बनाउन तथा समग्रमा सहकारीको स्वास्थ्य अवस्था सुधार गर्नका लागि सहकारी बैंकले सञ्चालन गरेको स्तरीकरण कार्यक्रम प्रभावकारी हुने बताउनु भयो" । उहाँले स्तरीकरण कार्यक्रममा सहभागी भएपछि बैंकको तर्फबाट वर्षमा ३ पटक संस्थागत रुपमा अनुगमन निरीक्षण गरी सुझाव दिने र सुझावहरु कार्यान्वयन गर्दै जादा संस्थालाई धेरै व्यवस्थित गराउन सहज हुने भएकोले पनि यो कार्यक्रम प्रभावकारी हुने कुरामा जोड दिनु भयो । सम्झौता कार्यक्रममा बैंकका बरिष्ठ प्रबन्धक रामबाबु आचार्य, बैंकको सुन्दरहरैचा शाखाका प्रमुख अर्जुन कार्की, संस्थका व्यवस्थापक योजना शर्मा लगायत संस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको थियो।

# मासिक विवरण भर्न सहकारी बैंकको परामर्श सेवा

ललितपुर ।राष्ट्रिय सहकारी बैंक लिमिटेडले सहकारी संस्थाहरुले नियामक निकायमा बुझाउनु पर्ने मासिक विवरण सम्बन्धी "परामर्श सेवा" सञ्चालन गरेको छ।

बैंकले भदौ २९ गते टोलफ्रि नम्बर मार्फत देशभरका सदस्य सहकारी संघ/संस्थाहरुलाई परामर्श सेवा प्रदान गरेको हो । परामर्श सेवामा देशभरका सहकारीले उल्लेख्य मात्रमा सहभागिता जनाएका थिए । विशेषगरी सहकारीको संस्थागत पुँजी, कूल सम्पत्ति र तरलता को समस्या लगायतको विषया पश्न गरेका थिए । परामर्श सेवाको बैंकका तालिम अधिकृत बल्लभ तिमल्सिना र सहायक तालिम अधिकृत राजकुमार बरालले सहजिकरण गर्नु भएको थियो। सहकारी ऐन २०७४ को दफा ७३ मा भएको व्यवस्था अनुसार सहकारी विभागले गत श्रावण ३१ गते निर्देशन जारी गर्दै सहकारी संघ संस्थाहरुले बुझाउनु पर्ने विवरण समयमानै बुझाउन अनुरोध गरेको थियो । सोहि अनुसार बैंकले आफ्ना सदस्य सहकारी संघ संस्थाहरुलाई मासिक विवरण तयार गर्न सहजिकरण गरेको बैंकले जनाएको छ।

# महेन्द्रनगरमा सहकारीका संचलाकहरूको क्षमता अभिवृद्धि तालिम सम्पन्न

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड महेन्द्रनगर शाखाले आयोजना गरेको दुई दिने सहकारीका संचालक समितिहरुको क्षमता अभिवृद्धि तालिम भदौ २७ गते सम्पन्न भएको छ ।

भदौ २६ र २७ गते सञ्चालन भएको तालिममा बैंकले आफ्ना सदस्य संघ/संस्थाहरुका सञ्चालकहरुलाई सहकारी ऐन, नियमावलि, नीति, नियम र प्रविधि सहित सहकारी सञ्चालनका लागि सचेतना प्रदान गर्ने गरी तालिम आयोजना गरिएको बैकले जनाएको छ । तालिममा सहकारी सञ्चालनको प्रक्रिया, सहकारीका लागि कानुनी परिवेश र सञ्चालकहरुको दायित्व, सहकारीमा नीतिगत व्यवस्था, पल्स, सहकारीको योजना, संस्थामा सञ्चालकको जिम्मेवारी लगायतका विषयमा सहभागीहरुलाई जानकारी गराइएको थियो ।

सुदूरपश्चिम प्रदेश थोक उपभोक्ता विशिष्टिकृत सहकारी संघका अध्यक्ष गणेश बहादुर चन्दको अध्यक्षतामा भएको थियो , तालिम कार्यक्रममा त्यस क्षेत्रका विभिन्न सहकारी संघ/संस्थाहरुबाट ३० जना सञ्चालकहरुले सहभागिता जनाएका थिए भने तालिमलाई राष्ट्रिय सहकारी बैंकका तालिम अधिकृत बल्लभ तिमल्सिनाले सहजीकरण गर्नु भएको थियो । कार्यक्रम बैंकको महेन्द्रनगर शाखका प्रमुख प्रकाश थपलियाले सञ्चालन गर्नुभएको थियो ।

# नवलपरासीमा कोपोमिस तालिम सम्पन्न

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड बर्दघाट शाखाको आयोजनामा सहकारी संघ/संस्थाहरुको एकीकृत विद्युतीय व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तालिम सम्पन्न भएको छ । भदौ २७ बैंकको बर्दघाट शाखा कार्यालय क्षेत्रमा क्रियाशील सहकारी संस्थाका सञ्चालक तथा व्यवस्थापकहरु गरि ३६ जना भन्दा बढिको सहभागीता रहेको थियो । सहकारी ऐन, नियमावलिमा भएको व्यवस्था र सहकारी विभागको निर्देशन अनुपालना गर्ने सम्बन्धमा बैंकले सहजिकरण गर्ने क्रममा आयोजना गरिएको यस तालिमबाट कोपोमिसमा तथ्याङ्क संकलन एवं समग्र नीती, योजना तथा कार्यक्रम निर्माणमा टेवा पुग्ने विश्वासका साथ सहकारी विभागको समन्वयमा बैंकले कोपोमिस प्रणालीमा प्रविष्टि गर्न सहजिकरण गरिरहेको छ ।

तालिमको सहजिकरण सहकारी बैंकको तालिम विभागका सहायक अधिकृत राजकुमार बरालले गर्नु भएको थियो, भने कार्यक्रम संचालन शाखा प्रमुख सविना पोखरेलले गर्नु भएको थियो ।

# भैरहवामा सहकारीकर्मीहरूलाई कोपोमिस तालिम

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड भैरहवा शाखा कार्यालयको आयोजनामा एक दिने कोपोमिस तालीम मंगलबार सम्पन्न भएको छ । त्यस क्षेत्रका ३० वटा सहकारी संस्थाका प्रतिनिधिहरुले सहभागिता जनाएको उक्त तालिममा बैंकको भैरहवा शाखा प्रमुख आलोक सिवाकोटीले सहभागीहरुलाई बैंकका सेवाहरुको सम्बन्धमा जानकारी समेत गराउनु भएको थियो ।

कोपोमिस सहकारी तथा गरिवी सम्बन्धि व्यवस्थापन सूचना प्रणालीको छोटकरी नाम हो, सहकारी क्षेत्रको सुचना, तथ्यांकहरुलाई नियमित, विश्वसनिय, वास्तविक बनाई व्यवस्थापन सूचना प्रणालीमा आधारित अनुगमन, नियमन पद्धति स्थापित गर्न यस पद्दतिलाई कार्यान्वयनमा ल्याएको छ ।

प्रविधीको उच्चतम प्रयोग गरि सहकारी संस्थाको अभिलेख तथा साधारण सभा, वैठक निर्णय, विनियम संसोधन तथा मासिक तथा वार्षिक प्रतिवेदनलाई एकद्धार प्रणाली मार्फत संवन्धीत नियमनकारी निकायलाई नियमित अध्यावधिक गराउने उदेश्यका साथ कार्यक्रमको आयोजना गरिएको बैंकले जनाएको छ ।

त्यस क्षेत्रका सहकारी संस्थाहरुको अभिलेखलाई सहकारी विभागले जारी गरेको कोपोमिस सफ्टवेरमा अभिलेख व्यवस्थापन गर्नको लागि प्रत्यक्ष रुपमा ल्यावटप मार्फत सिकाई संग सगै सहभागी संस्थाका प्रतिनिधीहरुले

सहकारीको समस्टीगत विवरण तालिम अवधिमा नै भरेर वुझाउन सक्ने भएका थिए ।

तालिमका सहभागिहरु कार्यक्रम अत्यन्त प्रभावकारी रहेको र अपेक्षित उपलब्धी हासिल हुने भन्दै कोपोमिस डाटा इन्ट्री संगै सहकारीको राष्ट्रिय तथ्याङ्क अभिलेख व्यवस्थापनमा सहयोग पुग्ने बताएका छन् । तालिमलाई बैंकको तालिम विभागका सहायक अधिकृत राजकुमार बरालले सहजीकरण गर्नु भएको थियो । बैंकले कोपोमिस प्रणालीमा प्रविष्टि गर्न सदस्य सहकारी संघ/संस्थाहरुलाई सहजिकरण गरिरहेको छ ।

# फिदिममा कोपोमिस तालिम सम्पन्न

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड फिदिम शाखाको आयोजना र जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड, पाँचथर को सह-आयोजनामा मा सहकारी संघ/संस्थाहरुको एकीकृत विद्युतीय व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तालिम सम्पन्न भएको छ ।

बुधबार बैंकको फिदिम शाखा कार्यालय क्षेत्रमा क्रियाशील सहकारी संस्थाका सञ्चालक तथा व्यवस्थापकहरु गरि २० जना भन्दा बढिको सहभागीता रहेको थियो । सहकारी ऐन, नियमावलिमा भएको व्यवस्था र सहकारी विभागको निर्देशन अनुपालना गर्ने सम्बन्धमा बैंकले सहजिकरण गर्ने क्रममा आयोजना गरिएको यस तालिमबाट कोपोमिसमा तथ्याङ्क संकलन एवं समग्र नीती, योजना तथा कार्यक्रम निर्माणमा टेवा पुग्ने विश्वासका साथ सहकारी विभागको समन्वयमा बैंकले कोपोमिस प्रणालीमा प्रविष्टि गर्न सहजिकरण गरिरहेको छ । तालिमको सहजिकरण सहकारी बैंकको फिदिम शाखाका प्रमुख सुमन कुमार श्रेष्ठले गर्नु भएको थियो । तालिमका सहभागिहरुले कार्यक्रम अत्यन्त प्रभावकारी रहेको र अपेक्षित उपलब्धी हासिल हुने भन्दै कोपोमिस डाटा इन्ट्रीसंगै सहकारीको राष्ट्रिय तथ्याङ्क अभिलेख व्यवस्थापनमा सहयोग पुग्ने बताएका छन् ।

# कैलालीमा सहकारीकर्मीसंग सहकारी बैंकको अन्तरक्रिया तथा छलफल

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड धनगढी शाखाको आयोजनामा कैलालीको धनगढीमा सहकारी बैंक र सदस्य संघ संस्थाहरुबीच अन्तरक्रिया कार्यक्रम बुधवार सम्पन्न भएको छ। अन्तरक्रियामा बोल्दै बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईले सहकारी क्षेत्रलाई वित्तीय रुपमा सक्षम, संस्थागत रुपमा सुशासनयुक्त र प्रविधिमैत्री बनाउनका लागि सहकारी बैंकसंगको सहकार्यका लागि सहकारी संघ संस्थाहरुलाई आव्हान गर्नु भयो ।



उहाँले सहकारी क्षेत्रलाई प्रविधिमैत्री बनाउनको लागि बैंकले आफ्नो पहिचान सहितको “कोप कार्ड” (एटिएम) को सुरुवात गरेको जानकारी गराउनुहुँदै यसले सहकारीहरुलाई विद्युतीय कारोबारका लागि थप सुविधा मिलेको र सहकारीको सेवालाई डिजिटल बनाउन सहयोग पुग्ने बताउनु भयो ।

कार्यक्रममा सुदूरपश्चिम प्देश थोक उपभोक्ता विशिष्टिकृत सहकारी संघका अध्यक्ष गणेश बहादुर चन्द, राष्ट्रिय सहकारी बैंकको लघुवीत्त उपसमितिका सदस्य डम्बर बहादुर चन्द, को-अपरेटिभ म्यानेजर्स क्लब कैलालीका अध्यक्ष छविलाल जोशी, को-अपरेटिभ म्यानेजर्स क्लब कञ्चनपुरका अध्यक्ष कुनिल कुमार सेटी लगायतले मन्तव्य व्यक्त गर्नु भएको थियो ।

कार्यक्रममा बैंकको धनगढी शाखाका प्रमुख कृष्ण रावलले बैंकको विगत, वर्तमान र आगामी योजनाका बारेमा सहजीकरण गर्नु भएको थियो । बैंकको धनगढी शाखा समन्वय उपसमितिका संयोजक देव बहादुर बमको अध्यक्षतामा भएको कार्यक्रममा त्यस क्षेत्रका सहकारी संघ/संस्थाका प्रमुख एवम् प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

कार्यक्रमको अवसरमा बैंकको धनगढी शाखा समन्वय उपसमितिको पुनगठन भएको छ। देव बमको संयोजकत्वमा ९ सदस्य उपसमिति पुनगठन भएको हो । उपसमितिको सदस्यहरुमा दुर्गा प्रसाद भण्डारी, जगत राम चौधरी, दान बहादुर रावल, लक्ष्मी बिनाडी, हरि कुमार कार्की, सुरेन्द्र बडुवाल, अम्मर कुवँर र रण बहादुर. भण्डारी रहनु भएको छ । त्यसैगरी फणीराज सापकोटाको संयोजकत्वमा पाँच सदस्य सल्लाहकार उपसमिति पुनगठन भएको छ । उपसमितिको सदस्यहरुमा विश्वप्रकाश पौड्याल, भुपेन्द्र थापा, तेज राज अवस्थी, कृष्ण खत्री रहनु भएको छ । नवगठित समन्वय उपसमिति र सल्लाहकार उपसमितिलाई बैंकका प्रमुख कार्यकारी अधिकृत बद्री कुमार गुरागाई पद तथा गोपनियताको सथप गराउनु भएको थियो ।

# बर्दियामा सहकारी बैंकको अन्तरक्रिया, सहकारीको सेवालाई प्रविधिमैत्री र सदस्य केन्द्रीत बनाउनु पर्नेमा जोड



ललितपुर । गुलरीया नगरपालीकाका नगर प्रमुख मुक्तिनाथ यादवले सहकारीको सञ्चालन प्रक्रियालाई थप व्यवस्थित गराउदै सेवा सुविधालाई प्रविधिमैत्री र सदस्य केन्द्रीत बनाउनु पर्ने बताउनु भएको छ ।

राष्ट्रिय सहकारी बैंक लिमिटेड भुरीगाउँ शाखा कार्यालयको आयोजनामा भदौ २९ गते बर्दियाको भुरीगाउँमा बैंकको सेवा र सहकारीको समसामयीक विषयमा भएको अन्तरक्रिया कार्यक्रमको उद्घाटन पछि बोल्दै नगर प्रमुख यादवले यस्तो बताउनु भएको हो । सहकारी क्षेत्रमा प्रविधिमैत्री सेवा नहुँदा समस्या झेल्नु परेको भनेर कतिपय सदस्यहरुले गुनासो गर्ने गरेको भन्दै उहाँले अव सहकारीले प्रर्विधिका नयाँ-नयाँ फिचरहरुमा जोड दिनु पर्ने बताउनु भयो । नगरपालिकाले सहकारी सञ्चालन प्रक्रियालाई व्यवस्थित बनाउन सहकारी बैंकसंग सहकार्य गरेर नीति तथा कार्यक्रम बनाउने कुरामा जोड दिनु भयो ।

कार्यक्रममा बैंकका अध्यक्ष के.बी. उप्रेतीले युवाहरुलाई स्वदेशमै बस्ने वातावरण सिर्जना गर्नका लागि प्रविधिको उपयोगमार्फत कृषिमा आधुनिकीकरण आवश्यक रहेको बताउनु भयो । उहाँले सहकारी बैंकका सदस्य संघ/सदस्यहरुलाई व्यवसायिक बनाउनका लागि पूँजि, प्रविधि र आवश्यक शिक्षा तालिमका लागि सहकारी बैंक सदैव सहयोग गर्न तत्पर रहेको बताउनुभयो ।

कार्यक्रममा नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी सघंका महासचिव दामोदर अधिकारी, जिल्ला सहकारी संघ बर्दियाका अध्यक्ष नवराज ढुगांना, जिल्ला बचत तथा ऋण सहकारी संघका अध्यक्ष नवराज न्यौपाने, साना किसान कृषि सहकारी संघका सचिव डम्मर के.सी, सहकारी संजाल गुलरीयाका संयोजक इन्दिरा सुवेदी, ठाकुरवावा सहकारी संजाल बर्दियाका सचिव मेनका पोखरेल, नेपाल पत्रकार महासघका बर्दिया शाखाका अध्यक्ष यादव आचार्य लगायत

सहकारी संघ संस्थाका प्रमुख एवम् प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

बैंकका अध्यक्ष के.बी. उप्रेतीको अध्यक्षता, सञ्चालक विजया धितालको सञ्चालन र भुरीगाउँ शाखाका प्रमुख किरण खत्रिको स्वागतमा कार्यक्रम सम्पन्न भएको थियो ।

# कञ्चनपुर सहकारी बैंकको अन्तरक्रिया, सहकारी क्षेत्रको सवलीकरणमा जोड




ललितपुर । सुदूरपश्चिम पदेशको पूर्व सामाजिक विकास मन्त्रि तथा प्रदेश सभा सदस्य लाल बहादुर खड्काले सुदूरपश्चिम प्रदेशलाई समृद्व बनाउनको लागि सहकारी क्षेत्रको सबलीकरणमा हनुपर्ने बताउनु भएको छ ।

भदौ २९ गते राष्ट्रिय सहकारी बैंक लिमिटेडको अन्तरक्रिया तथा छलफल कार्यक्रमको उद्घाटन पछि बोल्दै उहाँले यस्तो बताउनु भएको हो । सहकारी समाजको आर्थिक सामाजिक रुपान्तरणका लागि सहकारी नै उपयुक्त माध्यमका रुपमा रहेको उहाँको भनाइ छ ।

सुदूरपश्चिम प्रदेश महत्वपूर्ण स्रोत साधनले भरिपूर्ण प्रदेश हो, यहाँका स्रोतहरुको अधिकतम परिचालनका लागि सहकारी र सरकारबीच सहकार्य आवश्यक रहेको बताउनु हुँदै उहाँले सहकारीले पर्यटन, जलविद्युत, उद्योग तथा व्यवसाय र रोजगारी प्रर्वद्धनमा लगानी गर्नुपर्दछ' पूर्व मन्त्रि खड्काले भन्नुभयो 'सहकारीले सामाजिक उत्तरदायित्व अनुसार समेत काम गर्दै उत्पादनमुखी हुन जरुरी छ ।' प्रदेशको आर्थिक विकासका लागि सहकारी क्षेत्रले बाहिर राखेर संभव नहुने उहाँको भनाइ थियो ।

जनताको स-सानो पूँजी र प्रविधिमार्फत आय-आर्जन गराउदै सहकारीले आफ्नो भूमिका बढाउदै लैजानुपर्ने भन्दै उहाँले सहकारी बैंक सुदूरपश्चिम प्रदेशको सबै जिल्लामा पुग्नुपर्ने बताउनु भयो । राष्ट्रिय सहकारी बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईले सहकारी क्षेत्रलाई वित्तीय रुपमा सक्षम, सवल, संस्थागत रुपमा सुशासनयुक्त र प्रविधिमैत्री बनाउनका लागि सहकारी बैंकसंगको सहकार्यका लागि सबै सहकारी संघ संस्थाहरुलाई आव्हान गर्नु भयो ।

उहाँले सहकारी क्षेत्रलाई प्रविधिमैत्री बनाउनको लागि सहकारी बैंकले आफ्नै पहिचान सहितको "कोप कार्ड" ( एटिएम) को सुरुवात गरेको जानकारी गराउनुहुँदै यसले सहकारीहरुलाई विद्युतीय कारोबारका लागि थप सुविधा मिलेको र सहकारीको सेवालाई डिजिटल बनाउन सहयोग पुग्ने बताउनु भयो ।

कार्यक्रममा जिल्ला बहुउद्देश्यीय सहकारी संघ कञ्चनपुरका अध्यक्ष प्रेम सिह भाट, जिल्ला कृषि सहकारी सघका अध्यक्ष रामनाथ योगि, को-अपरेटिभ म्यानेजर्स क्लवका अध्यक्ष सुनिल कुमार सेटी, भिमदत्त नगरपालिकाको सहकारी शाखाका प्रमुख बिमला भाट, भिमदत्त नगरपालिकाको सहकारी सञ्जालका सचीव मोहन बहादुर चन्द, शुक्लाफाटा नगर सहकारी सन्जालका अध्यक्ष मदन राज भट्ट लगायतको आतिथ्यता रहेको थियो ।

बैंकको लघुवित्त उपसमितिका सदस्य गणेश बहादुर चन्दको अध्यक्षतामा भएको कार्यक्रममा बैंकको तालिम विभागका अधिकृत बल्लभ तिमल्सिनाको स्वागत तथा महेन्द्रनगर शाखाका प्रमुख प्रकाश थपलियाको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।

# सहकारीको माध्यामबाट मात्रै आर्थिक सशक्तिकरण हासील गर्न सकिन्छ : अध्यक्ष उप्रेती




ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडका अध्यक्ष के.बी. उप्रेतीले सहकारीको माध्यामबाट मात्रै आर्थिक सशत्तीकरण हासील गर्न सकिने बताउनु भएको छ । भदौ ३० गते बर्दियाको सिको बचत तथा ऋण सहकारी सस्थाको पाँचौ औं वार्षिक साधारण सभालाइ सम्बोधन गर्दै यस्तो बताउनुभएको हो ।

ठाकुरबाबा नगरपालिका सहकारीको नमुना पालिका भएकाले गरीबि न्युनिकरण, सामाजिक सद्भाव र विकास कायम गरि देशको आर्थिक विकास गर्न, रोजगारि सिर्जना गर्न तथा स- साना पुँजिहरुलाई एकिकृत गरि सहकारी अभियानमा अग्रणी स्थान हासिल गर्न तथा सहकारी संस्थालाई राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा पुर्याउन सबैको सहयोगको आवश्यकता रहेको बताउनुभयो । साधारण सभाको अवसरमा सस्थाले बिभिन्न कार्यमा उत्कृष्ट हुन सफल क्लबहरु र उत्कृष्ट कर्मचारीलाई सम्मान गर्दै कार्यक्रमका प्रमुख अतिथि, बिशिष्ट अतिथि र अतिथिहरुलाई मायाको चिनो वितरण गरेको सिको बचत तथा ऋण सहकारी सस्थाका व्यवस्थापक हरिहर पौडेलले जानकारी दिनुभयो ।

बार्षिक साधारण सभामा संस्थाका महासचिव प्रकाश कुमार आचार्यले चालुवर्ष २०७९,८० को निति कार्यक्रम र बजेट प्रस्तुत गर्नुभएको थियो । बर्दियाको ठाकुरबाबा नगरपालिका, राजापुर नगरपालिका, मधुवन नगरपालिका, बारबर्दिया नगरपालिका तथा गेरुवा गाउँपालिकामा सेवा केन्द्र रहेको साकोसका अहिले १० दजार ६ सय २ जना सेयर सदस्यहरु रहेको सस्थाले जनाएको छ । ठाकुरबाबा नगरपालिका वडा नम्बर १ भुरीगाउँमा केन्द्रिय कार्यालय रहेका सिको बचत तथा ऋण सहकारी संस्थाले बिगत केहि बर्ष देखि निरन्तर रुपमा प्रोबेसन ब्राण्ड प्राप्त गर्दै आएको छ भने एकसेस ब्राण्ड र लुम्बिनी प्रदेशको उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार र राष्ट्रिय स्तरको सम्मान समेत प्राप्त गरेको छ ।

यस्तै नेपालकै उत्कृष्ट सहकारीका रुपमा परिचित बचत तथा ऋण सहकारी सस्थाले सहकारी सिद्धान्त मुल्य मान्यता ऐन नियमको परिपालना गर्दै समुदायमा सहकारी जागरण मार्फत स्वऐच्छिक एवं गुणात्मक आवद्धताका लागि सदस्य विस्तार क्रियाकलाप संचालन गरिने, सदस्यहरु बिच बित्तिय शिक्षा प्रदान गरि पारिवारिक योजना वचतको सदुपयोग आयवृद्धि र सदस्यलाई सिप एवं सहुलियत ब्याजदरमा विमा सहितको ऋण प्रदान गरिने जनाएको छ ।

सस्थागत अभिलेख सुरक्षाका लागि यसबर्ष देखि अग्नी सुरक्षित दराजको व्यवस्था अगाडि बढाइने, सस्थामा युवाको सहभागिता अभिवृद्धि गर्नका लागि स्वरोजगार युथ क्लब गठन गरी वित्तिय शिक्षा र सिपमुलक तालिम संचालन गरिने, समुदाय विकास सामाजिक उत्तरदायित्व वातावरण संरक्षण कार्यक्रम संचालन गरिने, उत्कृष्ट बाल, नियमित बचत,उद्यमी, ऋणी सम्मान तथा पुरस्कार निति यथावत राखिने तथा वार्षिक रुपमा कम्तिमा २५ प्रतिशत सदस्यहरु सहभागि हुने गरी सहकारी शिक्षा र विस्तारित मञ्च आयोजना गरी सदस्यको निर्णायक भुमिका अभिवृद्धि गरिने सस्थाले जनाएको छ । सिको बचत तथा ऋण सहकारी

सस्थाका अध्यक्ष दामोदर अधिकारीको अध्यक्षतामा सम्पन्न भएको ५ औं वार्षिक सभामा राष्ट्रिय सहकारी बैंकका अध्यक्ष के. बि उप्रेतीको प्रमुख आतिथ्यता रहेको थियो भने नेफ्स्कुनका वरिष्ठ उपाध्याक्ष चन्द्र प्रसाद ढकाल, ठाकुरबाबा नगरपालिकाका नगरप्रमुख तिलकराम लम्साल, नगरउपप्रमुख बिना कुमारी भट्टराइको बिशिष्ट आतिथ्यता रहेको थियो ।

यस्तै कार्यक्रममा लुम्बिनी प्रदेश बचत तथा ऋण सहकारी संघका वरिष्ठ उपाध्यक्ष प्रकाश ज्ञावली, जिल्ला बचत तथा ऋण सहकारी संघ बर्दियाका अध्यक्ष नवराज न्यौपाने, मालिका साकोस बकुवाका अध्यक्ष दिलमाया थापा, राष्ट्रिय सहकारी बैंक भुरिगाउँका शाखा प्रमुख किरण खत्री, संचालक समितिका पदाधिकारी तथा लेखा सुपरीवेक्षण समितिका पदाधिकारी, कर्मचारी लगायतको उपस्थिति रहेको थियो ।

**सहकारीहरुका लागि आफ्नै पहिचान सहितको "कोप कार्ड" (एटिएम)** ......उहाँको अनुसार अब सहकारीहरुले सजिलै राष्ट्रिय सहकारी बैंकमा सम्पर्क गरी कोप कार्ड जारी गर्न सक्नेछन् । सहकारीहरुले आफ्ना सदस्य तथा बचतकर्तालाई कोप कार्ड वितरण गरेपछि सहकारीमा आबद्ध सदस्यहरुले जुनसुकै बेला जहाँबाट पनि एटीएममार्फत आफ्नो खाताको रकम निकाल्न पाउने छन् । साथै पोस मेसिनमा कार्डको प्रयोग गरी कुनै पनि सेवा वा वस्तु खरिदको भुक्तानी गर्न सक्ने छन् । यो सुविधापछि सहकारीमा खाता हुनेहरुलाई नगद अभाव झेल्नु नपर्ने सहकारी बैंकले जनाएको छ । कार्ड शुभारम्भ कार्यक्रमलाई सम्बोधन गर्दै भूमि, व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री शशी श्रेष्ठले सहकारी क्षेत्रको सहभागितामार्फत उपलब्ध साधन स्रोतको अधिकतम परिचालन गरी आर्थिक वृद्धि हासिल हुने बताइन् । दिगो आर्थिक विकास गर्दै शोषणरहित समाजको निर्माण गर्नु आजको आवश्यकता रहेको उनको भनाइ छ । त्यस्तै कार्यक्रममा ग्लोबल आइएमई बैंकका प्रमुख कार्यकारी अधिकृत रत्नराज बज्राचार्यले सहकारी क्षेत्रमा पनि बैंकले प्राविधिक रुपमा सहयोग गरिरहने प्रतिबद्धता जनाए । एससीटीका अध्यक्ष सुमन पोखरेलले विद्युतीय भुक्तानी प्रणालीमा जोडिँदा सहकारी संस्थाहरूको सेवा प्रभावकारी हुने बताउनु भयो । कार्यक्रममा पूर्वमन्त्री तथा राष्ट्रिय सहकारी महासंघका पूर्व अध्यक्ष केशव प्रसाद बडालल, राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष दिपेन्द्र बहादुर क्षेत्री, भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयका सचिव राम प्रसाद थपलिया, राष्ट्रिय विकास बोर्डका सहअध्यक्ष मित्रराज दवाडी, सहकारी विभागका रजिष्ट्रार रुद्र प्रसाद पण्डित, राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मिनराज कंडेल, बैंकका सञ्चालकहरु, विभिन्न बैंक तथा वित्तीय क्षेत्रका प्रमुख एवम् प्रतिनिधिहरु, पत्रकार तथा सञ्चारकर्मीहरु सहित सहकारी विभिन्न संघ/संस्थाका तिन सय भन्दा बढी प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

**सहकारी बैंकले मनायो २० औं स्थापना तथा कारोबार शुभारम्भ दिवस**.......सहकारी क्षेत्रको थप सुधारका लागि नीतिगत व्यवस्थालाई व्यवहारमा कार्यान्वयन गर्नु पर्नेमा जोड दिनुभयो । कार्यक्रममा पूर्वमन्त्री केशव प्रसाद बडालले सहकारी भनेको करयोग्य नागरिक निर्माण गर्ने क्षेत्र भएकाले सहकारीलाई करमुक्त बनाउन सरकारले ध्यान दिनु पर्ने र सहकारीले त्यस अनुकुलका काम गर्नु पर्ने बताउनुभयो । राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मनराज कंडेलले नेपालको सहकारी अभियानलाई प्रभावकारी बनाउन निरन्तर महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको राष्ट्रिय सहकारी बैंकलाई पूर्ण बैकिङ कारोबारको अनुमति दिनका लागि सरोकारवाला निकायले ध्यान दिनु पर्नेमा जोड दिनुभयो ।

सहकारी विभागका रजिष्ट्रार रुद्र प्रसाद पण्डितले सहकारीको प्रवर्द्धनका लागि निर्माण गर्ने गरी ऐनमा व्यवस्था भएका कर्जा न्यायाधिकरण, कर्जा सूचनाकेन्द्र सञ्चालनका लागि विभाग तदारुकताका साथ लागि परेको बताउनु भएको छ । कार्यक्रममा बैंकले सञ्चालन गरेको इ-लाइब्रेरी को सहकारी सचिव राम प्रसाद थपलियाले शुभारम्भ गर्नु भएको थियो । सो अवसरमा राष्ट्रिय सहकारी बैंकको बारेमा बैंकका प्रमुख कार्यकारी

अधिकृत बद्रीकुमार गुरागाई, कोपोमिस सम्बन्धी प्रस्तुतीकरण सहकारी विभागका अधिकृत आमोद प्रसाद पुडासैनी र सहकारीका लागि कर सम्बन्धी संशोधित कानुनी व्यवस्थाहरु विषयमा चार्टर्ड एकाउण्टेण्ट शेषमणी दाहालले प्रस्तुत गर्नु भएको थियो। कार्यक्रममा बैंकले सञ्चालन गरेको वित्तिय साक्षरतामा सहकारीको भूमिका विषयक निवन्ध प्रतियोगितामा पुरस्कृत भएका विद्यार्थीहरुको नाम घोषणा बैंकका सञ्चालक एवम् शिक्षा, तालिम तथा सम्मान उपसमितिका संयोजक राम बहादुर जिसीले प्रस्तुत गर्नु भएको थियो।

स्थापना दिवस तथा कारोबार शुभारम्भ दिवसका अवसरमा आयोजित कार्यक्रमको अध्यक्षता बैंकका अध्यक्ष के.बी.उप्रेती, स्वागत लेखा समितिका सदस्य तथा राष्ट्रिय विकास बोर्डका सहअध्यक्ष मित्रराज दवाडी र सञ्चालन बैंकका सञ्चालक केदार मानन्धरले गर्नु भएको थियो।

भौतिक तथा भर्चुअल रुपमा समेत सञ्चालन भएको कार्यक्रममा देशभरका बैंकका सदस्य सहकारी संघ संस्थाका प्रतिनिधि तथा अभियानका विभिन्न निकायका प्रतिनिधिहरुको सहभागिता रहेको थियो।

